पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेबसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३० अङ्क : ३५ २०७० वैशाख ६ गते शुक्रबार (Apr 19, 2013) मूल्य रू. ७/-

## नेपाली सेना च्याउ खेतीमा



काठमाडौं । 'काम पाइनस बुहारी, पाडोको कन्डो कन्या' भन्ने उखान समाजमा व्याप्त छ । त्यस्तै काम नपाएकी बुहारीले गरेजस्तो काममा गौरबशमशेर राणाले सेनाका जवानलाई 'च्याउ खेती'को तालिम र प्रेरणा दिन थालेको देख्दा सर्वत्र आश्चर्यचकित परेको छ ।

आन्तरिक रूपमा अपराधिकरण बढेको छ, राजनीतिक अराजकता र अस्थिरताले नेपाली सेना सर्तक र तमतयारी अवस्थामा बस्नुपर्ने दे खिन्छ । त्यसमाथि असरमा गर्ने भनिएको चुनाव मंसिरमा सार्ने भनिँदैछ । नेकपा-माओवादी र उपेन्द्र यादवको मधेशी जनअधिकार फोरम (बाँकी अन्तिम पेजमा)

# वैद्य र उपेन्द्रको मोर्चाले वार्ता नगर्ने

काठमाडौं/खिलराज रेग्मीको सरकारले गृहमन्त्री माधवप्रसाद घिमिरेको नेतृत्वमा वार्ताटोली गठन गरेर विरोधीहरूसँग वार्ता गरी निर्वाचनको वातावरण बनाउन बल्ल पत्राचार गरेको छ । राजनीतिक सहमति र निर्वाचनका लागि वार्ता गर्ने पत्र लेख्न नै खिलराज सरकारलाई ३६ दिन लागेको छ, यस्तो लोसे, अल्छी सरकारले कसरी मंसिरमा चुनाव गराउला ?





यसैबीच नेकपा-माओवादीसहितका ३३ दलले यस अघिनै अस्वीकार गरेको खिलराज सरकारसँग वार्ता नगर्ने र राष्ट्रपतिसँग मात्र वार्ता हुन्छ भनिसकेका छन् । उपेन्द्र यादवको नेतृत्वको संघीय लोकतान्त्रिक मोर्चाले सरकारको वार्ता पत्र प्राप्तभएको तर वार्तामा जाने कि नजाने भनेर निर्णय भईनसकेको बताएको छन् । सरकारले भोली शनिबार विरोधीहरूलाई वार्तामा आउन र वार्ताबाटै निकास खोज्न आग्रह गरेको छ ।

सरकार गठन, चार दलको सिन्डिकेट र बाधा अड्काउ फुकाउद्वारा राष्ट्रतिले गरेको संविधानको संशोधनप्रति विरोधीहरूले गम्भीर आपत्ति प्रकट गर्दै यस्तो मनपरी गर्नेहरूले गराउने निर्वाचन

(बाँकी अन्तिम पेजमा)

## नेपाली सुरक्षामा अमेरिकी अविश्वास

काठमाडौं । नेपालको भ्रमण गर्दा सावधानीपूर्वक गर्नु भन्ने 'ट्राभल एड्भाइजरी' जारी गर्ने अमेरिकाले एकपल्ट फेरि नेपालको सुरक्षा व्यवस्था भरपर्दो छैन भनेर आक्षेप लगाएको छ । अमेरिकी स्टेट डिपार्टमेन्टका निर्देशक हैदर वारिना अहिले नेपालको भ्रमणमा छिन् । नेपालमा बढ्दो उर्जा संकटका सम्बन्धमा वैशाख ३ गते विराटनगरमा 'दक्षिण एसियामा अमेरिकी नीति विषयमा आयोजित उद्योग संघ विराटनगरमा बोल्दै उनले सुरक्षा प्रत्याभूति देउ हामी लगानी गर्छौं भनेर नेपालमा बैदेशिक लगानी नआउनुमा सुरक्षा मुख्य तगारो भएको उल्लेख गरेकी छिन् । उनले जलस्रोत आयोजनामा मात्र होइन कुनै पनि उद्योगमा कामै (बाँकी अन्तिम पेजमा)

## रेग्मी सरकारबाट पनि राष्ट्रघात

अभियान संवाददाता

काठमाडौं । न्यायमूर्ति नै कार्यपालिका प्रमुख भएका बेला न्यायप्रमुखकै सरकारले राष्ट्रघाती कार्य सुरू गरेको छ । २०६३ सालमा एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र मधेशी दहलरूको सहयोग र समर्थनमा झण्डै २७ लाखलाई नेपाली नागरिकता प्रदान गरिएको थियो । त्यसबेला घरदैलो मै नेपाली नागरिकता प्रदान गरिँदा थुप्रै गैरनेपालीहरूलाई पनि नेपाली नागरिकता प्रदान गरिएको थुप्रै प्रमाणहरू भेटिएका छन् । कतिपय



जिल्लाहरूले त्यस्ता नागरिकता बदर गर्न गृह मन्त्रालयमा पत्राचार समेत गरिसकेको अवस्थामा अहिले फेरि त्यसैगरी नागरिकता प्रदान गर्ने निर्णय गरेर मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी नेतृत्वको सरकारले राष्ट्रघात गरेको छ ।

२०६३ सालमा नागरिकता वितरण गर्दा अन्तिम पटक भनिएको थियो । जब नेपालमा निर्वाचनको कुरा चल्छ त्यसबेला मधेसवादी दलहरूले नागरिकताको विषय उठाउँछन् । बाबुआमा नेपाली नागरिक हुनुभन्दा

(बाँकी अन्तिम पेजमा)

## द्वन्द्वपीडितले न्याय पाएनन्, शान्ति प्रक्रिया टुंगियो

अभियान संवाददाता

काठमाडौं । तत्कालिन नेकपा माओवादीले चलाएको १० वर्षे जनयुद्धले गर्दा हजारौं हजार मानिसहरू अपाङ्ग भएका छन् । हजारौं व्यक्तिहरूले अहिलेपनि राज्यबाट पाउनुपर्ने न्याय नपाएको अवस्थामा सरकार र उच्चस्तरीय राजनीतिक संयन्त्रले शान्ति प्रक्रिया टुंगोमा पुगिसकेको बताउनुले द्वन्द्वकालमा पीडित बनाइएका व्यक्ति र तिनको परिवारमाथि घाउमा नून छर्कने काम मात्र भएको छ ।

एमाओवादीका लडाकुहरूलाई जागिर दिंदैमा शान्ति प्रक्रिया टुंगियो भन्नु राज्य र उच्चस्तरीय राजनीतिक संयन्त्रको जनताप्रतिको अन्याय हो । पीडितहरू ले आजसम्म न्याय पाएका छैनन् । माओवादीले कब्जामा लिएको सम्पत्ति घरजग्गा सम्बन्धित व्यक्तिहरूले फिर्ता पाएका छैनन् । अहिले ठूलो संख्यामा पीडितहरूले न्याय नपाएको गुनासो गरिरहेको अवस्थामा लडाकुहरूलाई जागिर दिएकै भरमा शान्ति प्रक्रिया टुंगियो भन्नु द्वन्द्वकालमा जनतामाथि दमन गर्ने, अपरहण गर्ने, घरजग्गा कब्जामा लिने, मानिस मार्ने व्यक्तिहरूमाथि कारवाही नगर्ने संकेत

(बाँकी अन्तिम पेजमा)

## यी चुनौती कसरी सम्बोधन हुने ?

काठमाडौं । खिलराज रेग्मीलाई मन्त्रिपरिषद्को अध्यक्ष बनाउँदा आउँदो असार ७ गतेभित्रमा संविधानसभाको निर्वाचन गराउने म्याण्डेट दिएको र रेग्मी अध्यक्ष भएपछि आफ्नो पहिलाको प्रतिबद्धताबाट पछि हटेको आरोप एकीकृत नेकपा माआवादीका अध्यक्ष पुष्पकमल दाहालले लगाएका थिए । दाहालको आरोपका बारेमा अध्यक्ष रेग्मी मौन रहेपनि वैशाख १ गते भने उनले मुखखोले, मंसिरभित्रमा निर्वाचन हुन्छ । नेपाली कांग्रेस र नेकपा एमालेका नेताहरूले समेत मंसिरभित्रमा निर्वाचन गर्ने सहमति चार दलबीच (बाँकी अन्तिम पेजमा)

## दूरसञ्चार प्राधिकरणलाई सर्वोच्च आदलतको बाघे झापु

काठमाडौं । खिलराज रेग्मी सरकारको निर्देशनमा वरिष्ठ सदस्यको अध्यक्षतामा बसेको दुरसञ्चार प्राधिकरणको बैठकले युटिएल र स्मार्ट टेलिकमलाई मलुकभर टेलिफोन सञ्चालन गर्न सक्ने लाइसेन्स जारी गरेपछि त्यसविरूद्ध परेको उजुरीमा सर्वोच्च आदलतले वैशाख ३ गते एकीकृत लाइसेन्स कार्यान्वयन नगर्नु भनेर आदेश दिएको छ । खिलराज सरकारले दिल्ली र प्रचण्डको व्यक्तिगत निर्देशनमा अध्यक्षविहीन दुरसञ्चार प्राधिकरणलाई वरिष्ठ सदस्यको अध्यक्षतामा बैठक गर्ने अनुमति दिएर लाइसेन्स जारी गर्न दबाब दिएको बुझिएको छ । अदालतको यस फैसलापछि सरकार बनाउन सफल दिल्लीले युटिएललाई मजबुत पार्न सकेन । त्यसो त राजस्व (बाँकी अन्तिम पेजमा)

## यो नै हो उत्तम निकास

*शाश्वत शर्मा*

देश भाँडभैलोमा जान थालेको एकथरिलाई आभाष पहिलेदेखि नै भएको हो । झन आउँदो असारमा संविधानसभाको दोस्रो निर्वाचन हुन नसक्ने पक्कापक्की भई सकेपछि त्यो विश्वासमा बदलिएको छ । किनभने निर्वाचनको नयाँ तिथि अझै अलमलमै छ । त्यसो त तिथि नतोकिइसके पनि महिनाको हिसावमा भन्नुपर्दा आउँदो कार्तिकको अन्तिम वा मंसिर महिनामा चुनाव गर्ने/गराउने भनेर सरकारदेखि लिएर निर्वाचन आयोगसम्मले औपचारिक/ अनौपचारिक रूपमै बताउन थालिसकेका छन् । फेरि गत वैशाख १ गतेको खिलराज रेग्मीको शुभकामना सन्देशमा समेत त्यो आशय झल्किन्छ पनि ।

त्यसो भए के मंसिरसम्ममा चुनाव हुन्छ त ? के मुलुक भाँडभैलोमा जानबाट जोगिन्छ त ? त्यसो त एकथरीलाई चुनाव भएर देश एउटा निश्चित गन्तव्यतिर अघि बढ्छ भन्ने लागिरहेको छ । त्यो अन्तरिम संविधान, जो आफूखुसी लेखिएको हो, को मूल मर्मलाई नै धज्जी उडाउँदै निर्वाचन गराउनकै लागि भनेर (?) गठन गरिएको कर्मचारी-पूर्वकर्मचारीहरू सम्मिलित मन्त्रिमण्डलको गठनसमेत गरिनु, त्यस्तै गरेर निर्वाचन आयोगका पूर्वपदाधिकारीहरूलाई नै पुनः 'जागिर' दिएर निर्वाचन आयोगलाई पूर्णता (?) दिनु, अनि करिब दुई



हप्ताअघि खिरारे मन्त्रिमण्डलले पेश गरेको 'पूर्ण बजेट' मा समेत चौध अर्ब रूपैयाँ निर्वाचनका लागि भनेर छुट्याइसकेपछि त केही आम मानिसहरूमा निर्वाचन हुने विश्वास हलक्क बढेर गएको छ । फेरि निर्वाचनको मितिको अत्तोपत्तो नभइकनै निर्वाचनप्रति अति उत्साहित केही राजनीतिक दलका नेताहरूको चुनावी दौडाहा समेत सुरू भइसकेकोले पनि निर्वाचन हुने कुरामा कतिपय मानिसहरू ढुक्क छन् । अझ एक-डेढ हप्ताअघि प्रमुख दल (!) मध्येको

(बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – *अभियानवाणी*

अभियान साप्ताहिक

## सम्पादकीय

# मंसिरमा निर्वाचन हुनेमा पनि आंशका

एकीकृत नेकपा माओवादीसहितका अन्य राजनीतिक दलहरुले निर्वाचनको मिति घोषणा गर्न सरकारलाई दबाब दिइरहेका बेला चारदलको मात्र सहमतिमा निर्णय गरिएको बहालवाल प्रधानन्यायाधीश र मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मीले मंसिरमा निर्वाचन गर्न सबै दल र सबैमा निर्वाचनलाई सफल पार्न आग्रह गरेका छन् । प्रमुख चार राजनीतिक दलहरुले असार ७ गते भित्रमा निर्वाचन गर्ने सहमति गरेका भएपनि उक्त समयमा निर्वाचन हुन नसकेको खण्डमा मंसिरमा निर्वाचन गर्ने सहमति पहिला नै दलहरुबीच भएको हुनाले अब असार ७ गतेभित्रमा निर्वाचन नहुने पक्कापक्की भएको छ । ११ बुँदे सहमति गर्ने चार दलले असारमा निर्वाचन हुन्छ भन्ने कुरामा विश्वास नगरेकै कारण रेग्मी सरकारलाई मंसिरसम्ममा निर्वाचन गर्ने म्याण्टेड दिएका थिए । असारमा निर्वाचन हुने कुरामा नेपाली जनतालाई विश्वास नै थिएन । अब मंसिरमा गर्ने भनिएको निर्वाचन पनि चुनावी वातावरण बन्न नसकेर निर्वाचन नभएको खण्डमा नेपाल र नेपाली जनताका लागि ठूलो दुर्भाग्य शिवाय अन्य केही हुन सक्दैन ।

असार ७ भित्रमा निर्वाचन हुन सकेन । के मंसिरमा निर्वाचन हुनका लागि असारमा निर्वाचन हुन नसकेका चुनौतीहरु कसरी समाधान हुन्छन् । दलहरुले ११ बुंदे सहमति गर्दा काबु बाहिरको अवस्थामा आएमा मंसिरमा निर्वाचन गर्ने भनिएको थियो । अहिले के काबु बाहिरको अवस्था सिर्जना भयो ? त्यसतर्फ दलहरु र रेग्मी सरकारले सोच्नै पर्दछ । जनतालाई झुक्याउनैको लागि मात्र असरमा निर्वाचन  हुन्छ भनेर दलहरुले भनेका थिए त ? अहिले त्यो गम्भीर प्रश्न उठेको छ । राजनीतिक दलहरुका शीर्ष नेताहरुले जहिलेसुकै पनि झुठ बोल्ने गरेका हुनाले असारमा हुन नसकेको निर्वाचन मंसिरमा हुन्छ भनेर जनताले कसरी विश्वास गर्ने ? जनतालाई विश्वासमा लिने कार्य दल र सरकार दुवैको भएपनि अहिले दुवै निकायले जनतालाई विश्वास दिलाउन सकेको देखिँदैन । केही दलका शीर्ष नेताहरुले पहिला पनि संविधानसभाको निर्वाचन पटक-पटक सरेको हुनाले फेरि पनि सर्न सक्छ भन्नुले जनतामा अविश्वसा बढेको छ ।

चुनाव हुनाका लागि दुईवटा प्रमुख समस्या रहेका छन् । पहिलो प्राविधिक र दोस्रो राजनीतिक । अहिले केही दलहरुले निर्वाचन क्षेत्र निर्धारण पुनः गर्नुपर्ने आवाज उठाइरहेका छन् । असारमा निर्वाचन हुन नसकेपछि ठूला भनिएका दलहरु नै २०६८ को जनगणना अनुसार निर्वाचन क्षेत्र निर्धारण पुनः गर्नुपर्ने माग गरिरहेका छन् । मधेसी जनअधिकार फोरम लगायतका केही दलहरुले पहिला नै त्यो माग गरेकोमा अहिले एमाओवादी उपाध्यक्ष नारयाणकाजी श्रेष्ठलगायतले निर्वाचन क्षेत्र निर्धारणको माग गरेका हुनाले त्यस्तो निर्वाचन क्षेत्र निर्धारण गर्न कम्तिमा दुई महिना लाग्ने भएको हुनाले अहिले नै दलहरुले र सरकारले त्यसतर्फ सोचेर अगाडि बढ्नु उपयुक्त हुनेछ । निर्वाचन सम्बन्धी अध्यादेशमा समेत रहेका केही विमतीहरुलाई सल्टाई निर्वाचनका लागि कानुनी बाटो खोल्न बाँकी नै रहेको हुनाले त्यस्को जतिसक्दो छिटो निक्यौल गर्नै पर्दछ । निर्वाचन सम्बन्धी कानुनी बाटो सुरक्षा तयारी आदि प्राविधिक पक्ष भएका हुनाले यी सबैको समाधान भएमा मात्र निर्वाचनको बाटो खुल्न सक्छ ।

अर्को महत्वपूर्ण कुरा भनेको सरकार कसरी राजनीतिक चुनौतीको सामना गर्ने कुरामा कसरी प्रस्तुत हुन्छ भन्ने हो । रेग्मी सरकारको गठनसँगै नेकपा-माओवादीलगायत अन्य धेरै दलहरु सरकार गठनको प्रक्रियाकै विरोधमा सडक संघर्षमा उत्रिएका छन् । अहिले चार राजनीतिक दल र अन्य दलहरुबीच गम्भीर  मदभेद रहेको छ । असन्तुष्ट पक्षलाई सहमत नगराई चार दलको सहयोग र समर्थनमा मात्र रेग्मी सरकारले किमार्थ निर्वाचन गराउन सक्ने अवस्था छैन् । कथमकदाचित निर्वाचन भईहाले पनि त्यसले स्थायित्व लिन सक्ने अवस्था नदेखिएको हुनाले सरकारको लागि सबैभन्दा ठूलो चुनौतीपूर्ण कार्य नै राजनीतिक समस्या हो । सरकारले असन्तुष्ट पक्षसँग वार्ता गर्न गृहमन्त्री माधव घिमिरेको नेतृत्वमा वार्ता टोली गठन गरेपनि उक्त टोलीले आजसम्म वार्ताको वातावरण नै मिलाउन नसकेको र चार दलको संयन्त्रले असन्तुष्ट पक्षसँग वार्ता गर्ने निर्णय गरेपनि वार्ता प्रारम्भ नै नगरेको हुनाले असन्तुष्ठ पक्षको विरोधको बाबजुत निर्वाचन गराउँछौं भन्नु किमार्थ उचित ठहरिँदैन । तसर्थ नेकपा-माओवादी, मधेशी जनअधिकार फोरम लगायतका सडक आन्दोलनमा रहेका सबै दललाई सहमत गराएर निर्वाचनमा भाग लिन लगाएको खण्डमा मात्र निर्वाचन हुने ग्यारेन्टी हुन सक्छ । असन्तुष्ट पक्षलाई सहमत नगराई निर्वाचनमा गएको खण्डमा चुनावको लागि प्राविधिक पक्षमै अवरोध सिर्जना हुन र धेरै धनजनको क्षति हुन सक्ने भएको हुनाले असन्तुष्ट पक्षलाई सयममै सहमत गराएको खण्डमा मात्र मंसिरमा निर्वाचन हुने सुनिश्चित हुनेछ भन्न हामीले ठानेका छौं ।

# हाम्रो आवश्यकता संविधानसभा कि संविधान ?

***देवेन्द्र चुडाल***

नेपालमा संविधानसभाबाट संविधान निर्माण हुनुपर्ने प्रमुख मागका साथ तत्कालिन नेकपा माओवादीले दशवर्षे जनयुद्ध गरेर विकास निर्माणका संरचनाहरू ध्वस्त बनाएको इतिहास हाम्रै सामु प्रष्ट छ । तर संविधानसभाले बनाएको संविधान मात्र उत्कृष्ट संविधान हुन्छ भनेर अहिलेसम्म कसैले प्रमाणित गर्न सकेका छैनन् । संविधान निर्माण गर्ने विभिन्न विधि अनुरूप संविधानसभाबाट संविधान निर्माण गर्ने एउटा माध्यम भने संविधानसभा हो । राजनीतिक दलहरूले सोचविचार नपुऱ्याएको खण्डमा संविधानसभाकै कारण मुलुक टुक्रिन सक्ने अवस्था विद्यमान रहेको छ । संविधानसभाबाट संविधान निर्माण गर्ने उत्कृष्ट प्रक्रिया भने होइन । विश्वका धेरै देशहरू संविधानसभाकै कारण विभाजित भएका छन् । संविधानसभाकै कारण छिमेकी मुलुक भारत टुक्रिएर पाकिस्तान भयो भने पाकिस्तानबाट विभाजित भएर बंगलादेश समेत निर्माण भएको हो । त्यसैगरी तत्कालिन सोभियत संघमा संविधानसभाबाट निर्माण गरिएको संविधानलाई तत्कालिन शासकले भङ्ग गरी अर्को मस्यौदा समितिबाट संविधान निर्माण गराएका थिए । अमेरिका र फ्रान्समा समेत संविधानसभा विना नै संविधान निर्माण गरिएको इतिहास छ । त्यसैगरी जापन र चीनमा समेत संविधानसभाको बदलामा संविधान मस्यौदा समितिबाट बनाइएको थियो । यी त केही उदाहरण मात्र हुन् त्यसैले भन्न सकिन्छ, संविबधानसभाबाट बनाइएको संविधान मात्र उत्कृष्ट र निर्विकल्प हुन्छ भन्ने सोच नै गलत रहेको छ । संविधान निर्माण गर्ने निर्विकल्प माध्यम संधिवानसभा होइन् ।

नेपालमा तत्कालिन नेकपा माओवादीको चाहना र पछि उसैको इच्छा बमोजिम नेपाली कांग्रेस, नेकपा एमालेलगायतका दलहरू संविधानसभाबाटै संविधान निर्माण गर्न समहत भएका हुन् । संविधानसभाबाट संविधान निर्माण गर्ने कार्यको व्यापक विरोध हुँदाहुँदै पनि संविधानसभाको निर्वाचन पछि मुलुकमा शान्ति स्थापना कायम हुन्छ भनेर संविधानसभाको निर्वाचन गर्ने सहमति भएपनि त्यसले परिणाम भने उल्टो दियो । नेपाली जनताले दुई वर्षको म्याण्डेट दिएर संविधान निर्माण गर्न पठाएका जनप्रतिनिधिहरूले जनताको आदेश वा म्यान्डेटलाई उल्लंघन गर्दै संविधानसभाको पदावधि आफैं थपेर चार वर्षसम्म पुऱ्याएपनि संविधानसभाले संविधान निर्माण गर्न सकेन् । आखिरी किन ? अहिले फेरि दोस्रो पटक संविधासभाको निर्वाचन गर्ने प्रयास गरिएको छ । पहिला संविधानसभाले संविधान निर्माण गर्न नसकेको विषयलाई थाँती राखेर फेरि संविधानसभाको निर्वाचन गराए पनि त्यसले संविधान निर्माण गर्न सक्छ भन्ने ग्यारेन्टी छैन । संविधानसभाको चार वर्षे कार्यकाललाई हेर्दा प्रष्ट हुन्छ, अहिलेका यिनै दलहरू नै निर्वाचन पछि फेरि संविधानसभामा पुग्ने र दलहरूको संख्यामा केही हेरफेर र संविधानसभामा पहिला पुगेका दलका प्रतिनिधि र जनताका प्रतिनिधि (जसलाई प्रत्यक्ष मतदानबाट चुनिएका व्यक्तिहरू भनिएको हो) संख्यामा केही हेरफेर भएर सिट संख्यामा केही फरक पर्ने बाहेक अन्य केही हुन सक्ने अवस्था देखिँदैन । दलहरूले पछिल्लो पटक फागुन ३० गते गरेको सहमति अनुसार प्रत्यक्ष र समानुपातिकबाट वरावरि संख्यामा प्रतिनिधि हुने र सरकारले मनोनित गर्ने ११ सदस्यहरू समेत रहने व्यवस्थाले गर्दा उक्त सदनमा प्रत्यक्ष निर्वाचनबाट आएका प्रतिनिधिहरूको संख्याभन्दा समानुपातिक र सरकारद्वारा मनोनित व्यक्तिहरूको संख्या बढी भएको हुनाले त्यो संविधानसभाले संविधान निर्माण गर्न सक्ने अवस्था नै रहँदैन । समानुपातिकबाट दलहरूले संसदमा पठाएका व्यक्तिहरू प्रत्यक्षरूपमा जनताप्रति उत्तरदायि र जवाफदेही नहुने भएको हुनाले उनीहरू प्रत्यक्ष रूपमै आ–आफ्नो पार्टीगत स्वार्थ र पार्टीका शीर्ष नेताहरूको वरिपरि मात्र घुमेर पार्टीगत स्वार्थ पुरा गरिरहने प्रवृत्ति पहिला पनि देखिएको र पछि पनि त्यही क्रम दोहोरिने भएको हुनाले संविधानसभाबाट संविधान बन्न सक्छ भन्ने विश्वास नेपाली जनतालाई छैन ।

संविधानसभामा सदस्यहरूको संख्या जति तोकेपनि संविधान निर्माण गर्ने भनेका २०–३० जनाले मात्र हो । पहिलाको संविधानसभाको क्रियाकलाप हेर्ने हो भने मुख्यगरी चार दलका शीर्ष नेताहरू संविधान निर्माण गर्न सहमति गर्ने भन्दै कहिले गोप्य वार्ताको लागि धुलिखेल रिसोर्ट पुग्थे भने कहिले फर्पिङ । आखिरी उनीहरूले जतिसुकै सहमति र सम्झौता गरेपनि संविधान बनेन । २०–३० जनाले एक ठाउँमा बसेर संविधान निर्माण गर्ने र संविधानसभाका सदस्यहरूलाई तलबभत्ता लगायतका सुविधा मात्र खुवाएर राख्ने हो भने संविधानसभाको औचित्य नै के ? र किन चाहियो संविधानसभा ? जनताले तिरेको कर माथि ब्रम्हलुट मच्चाउनका लागि संविधानसभाको आवश्यकता परेको हो कि संविधान निर्माण गर्न ? दलहरूले त्यसको उत्तर नेपाली जनतालाई प्रष्ट रूपमा दिनै पर्दछ । पहिलाको संविधानसभामा समानुपातिक प्रतिनिधित्व नै बाधक बनेको अवस्थामा फेरि त्यही प्रावधानको व्यवस्था गरिएको अवस्थामा कसरी संविधान निर्माण हुन सक्छ ? संविधानसभाले संविधान बनाउने कि संविधान सम्बन्धी ज्ञान नै नभएका व्यक्तिहरूको भीड जम्मा गराएर जातजाति र धर्मका नामा संविधान निर्माणसम्बन्धी ज्ञान नै नभएको व्यक्तिहरूको भीड जम्मा गरेर संविधानसभाका नाममा जनतालाई नौटंकी देखाउने ? भीडले मात्र संविधान निर्माण गर्दैन भन्ने प्रमाणित त विश्वका धेरै देशहरूले देखाइसकेको अवस्थामा अब साच्चिकै संविधान निर्माण गर्ने भए संविधानसभाका सदस्यहरू मन्त्रिपरिषद्मा जान नपाउने व्यवस्था गरी दलहरूकै सहयोग र समर्थनमा संविधानसभा बाहिर रहेका व्यक्तिको नेतृत्वमा सरकार निर्माण गरेको खण्डमा मात्र संविधान निर्माण हुन सक्छ । संविधान निर्माण गरी संविधान लागु भएपछि त्यो संविधानसभालाई व्यवस्थापिका संसदमा बदलेर मात्र संसदबाट सरकार निर्माण गर्ने प्रावधान अहिले नै राखिएमा संविधानसभाको औचित्य पुष्टि हुन सक्छ । वर्षौंसम्म स्थानीय निकायको निर्वाचन गर्न नसक्ने अनि स्थानीय निकाय सञ्चालन गर्ने जिम्मेवारी कर्मचारीहरूलाई दिएर राजनैतिक दलहरूले नौटंकी देखाइरहेका छन् । स्थानीय निकाय भ्रष्टाचारको जालोमा जकडिएको छ । संवैधानिक निकायहरू अपाङ्ग बनाइएका छन् । नौ महिनासम्ममा पनि दलहरू दलीय नेतृत्वमा सरकार निर्माण गर्न असक्षम भएर बहालवाला प्रधानन्यायाधीशलाई सरकारको नेतृत्व जिम्मा दिने दलहरूले आफ्नो संस्कारमा परिवर्तन नगरी अहिलेकै अवस्थामा अगाडि बढेको खण्डमा किमार्थ संविधान निर्माण हुन सक्दैन । राजनैतिक सोच नै नभएका र राजनीतिक संस्कार नै नभएका दलहरूले भन्दैमा संविधान निर्माण हुन सक्दैन, त्यसैकारण संविधानसभाबाट संविधान निर्माण गर्न दलहरू सक्षम होलान भनेर विश्वास गर्ने वातावरण बनाउने कार्यमा दलहरू अहिलेदेखि नै नलाग्ने हो भने संविधानसभाबाट संविधान निर्माण हुन्छ भन्ने विश्वास कसैले नगरेहुन्छ ।

विगतको संविधानसभाले संविधान निर्माण गर्न नसकेका विवादित विषयहरू अहिलेपनि जस्ताका जस्तै छन् । तिनको समाधान कसरी गर्ने भन्ने विषयमा दलहरू बीच कुनै वार्ता छलफल र बहस समेत भएको छैन । विवादित विषयहरूको समाधान नगरी कुनै हालतमा पनि संविधान निर्माण हुन सक्दैन । संघीयताको नाममा विदेशीहरूले प्रत्यक्ष र अप्रत्यक्ष दबाब दिइरहेका छन् । एकीकृत नेकपा माओवादीसहित केही मधेशवादी दलहरू र अन्यकेही जनजाति संघसंगठनहरू जातिय पहिचानका आधारमा संघीयतामा जानुपर्ने अडानमा रहेका छन् भने नेपाली कांग्रेस, नेकपा एमाले लगायत अन्य केही दलहरू सामर्थ्यका आधारमा

बाँकी ४ पेजमा

# मट्टारे जूवाजस्तो भयो राजनीति



राजन कार्की

राणा कालमा सोफाहरूलाई जानाजान च्याँखे बल्फाइदिएर जूवाको लत लगाइदिने र लत लागेपछि तिनीहरूलाई खालको चारैतिर बसेका खेलाडीहरूले भित्री मिलेमतो गरेर निर्दयी पाराले लुट्ने गरिन्थ्यो । अहिले कहीँकतै प्रचलन मिचियो भने 'मट्टारे जूवा'जस्तो भनेर चर्चा गरिन्छ । नेपाली राजनीति ठ्याक्कै 'मट्टारे जूवा' जस्तै बन्न पुगेको छ ।

चार शीर्ष दलले सहमतिको योजना बनाए । त्यो योजनालाई कान्छाले (बाबुराम भट्टराई) राष्ट्रपतिसमक्ष सिफारिस गरेपछि राष्ट्रपति डा.रामवरण यादवले ठ्याप्पै लालमोहर ठोकिदिए । प्रधानन्यायाधीश खिलराज रेग्मीको सरकार बन्यो । खिलराज रेग्मीको अध्यक्षतामा बनेको स्वतन्त्र आवरणको मन्त्रिपरिषदमा पूर्वसचिवहरूलाई स्थान दिइयो । तर। चार सुरक्षा निकायका एकजनाले पनि स्थान पाउन सकेनन् । कुनै पनि राजनीतिक दलहरू अथवा स्वयम् खिलराज रेग्मीलेसमेत सुरक्षा निकायलाई सम्फना गरेनन्। सुरक्षा निकायका प्रतिनिधि हुँदा निर्वाचनको सुरक्षाव्यवस्थामा मद्दत पुग्छ भनेर सोचेनन् । यति गम्भीर त्रुटी कसरी सम्भव भयो ? के सुरक्षा निकाय देशका अङ्ग होइनन् । हो भने सुरक्षा निकायलाई प्राथमिकताहीन यति तल्लो स्तरमा कसरी पुऱ्याइयो । भएछ के भन्दा। प्रशासकको शासनमा चयन भएका व्यक्ति राष्ट्रपति, एमाओवादी, कांग्रेस, एमाले र मधेसी मोर्चाका भागबण्डामा परेका व्यक्ति रहेछन् । स्वतन्त्र व्यक्ति त एकजना पनि मन्त्रीमा चयनै भएनन् । जब स्वतन्त्र व्यक्ति चयन नै भएनन् भने नेपाली सेना । नेपाल प्रहरी, सशस्त्र प्रहरी अथवा राष्ट्रिय अनुसन्धान विभागका अवकाश प्राप्त व्यक्तित्व कुनै पर्ने सवाल नै आएन । मानौं, सुरक्षा निकाय भनेको राजनीतिक भागबण्डामा बनेको सरकारले आदेश दिएपछि 'हुन्छ साब' भनेर सलाम ठोक्दै आदेशको पालना गर्ने हरूवा, चरूवा अथवा गार्डमात्र हुन् । यिनको स्वतन्त्र अस्तित्व अथवा राष्ट्रिय भूमिका हुँदैन । त्यस्तो भूमिका यिनले निभाउनै सक्दैनन् ?

०६४ सालको संविधान सभाको निर्वाचन सफल भयो तर परिणाममुखी हुन नसकेपछि बढ्दो संक्रमण, गत्यारोधको निकासका लागि अपरिहार्य दोस्रो निर्वाचन गर्न राजनीतिक इच्छाशक्ति जागेको छ । तर, कर्मचारी शासनका माध्यमबाट चुनावमा जाने सहमति गर्न पुगेर राजनीतिक नेताहरूले आफूले आफैलाई राजनीतिक रूपमा असक्षम साबित गरिदिएका छन् । स्वतन्त्र सरकार गठन गर्ने लामो द्वन्द्वपछि नेताहरूले सहमति गरे अनि प्रचण्ड र अदृश्य शक्तिको पीठ ठोकाइमा बाबुराम भट्टराईले खिलराज रेग्मीलाई प्रधानमन्त्रीका लागि राष्ट्रपतिसमक्ष सिफारिस गरेका हुन् । बाबुराम फाल्नका लागि नेपाली कांग्रेस र एमालेले यो विषपान गरेका हुन् भने उनीहरू नै दण्डभागी हुनुपर्नेछ । जसले खान्छ, विष उसैलाई लाग्ने हो । होइन, निर्वाचनको पवित्र उद्देश्यप्रेरित भएर खिलराजको नेतृत्वको मन्त्रिपरिषद बनाउन सहमत भएका हुन् भने मन्त्री चयनमा भागबण्डा किन गरे ? संयन्त्र नामका चार दलीय भूमिगत गिरोहको सिफारिसलाई अध्यक्ष खिलराज रेग्मीले किन जस्ताको तस्तै राष्ट्रपति समक्ष पेश गरेर सपथ खुवाए ? प्रधानन्यायाधीशले यस्तो काम गर्नु न्यायोचित अथवा तर्कसंगत मान्न सकिन्छ ? खिलराज रेग्मीले स्वतन्त्र। निष्पक्ष र धांधलीरहित सफल निर्वाचनको मूल दायित्व निर्वाह गर्नुपर्ने स्थितिमा सुरक्षा निकायका विज्ञ, विशेषज्ञ अथवा ज्ञाता एकजनालाई पनि मन्त्रिपरिषदमा राख्ने आवश्यकता किन ठानेनन् ? निर्वाचनका बेला अथवा अरू समयमा पनि त्यही सुरक्षा निकायबाट सहयोग र सुरक्षाको काम गराउन खिलराज रेग्मीलाई नैतिकताले अप्ठ्यारो पार्छ कि पार्दैन ? यो बेग्लै कुरा हो कि नेपालका सुरक्षा निकाय संविधानतः 'मूभ' भनेपछि जतिसुकै अपहेलित गरिएको अवस्थामा पनि नमकको सोफो चिताएर कर्तव्यपथमा मोडिन्छ । यसमा कुनै सन्देह नै छैन । प्रश्न यत्ति हो कि चार-चार सुरक्षा निकायका फण्डै सवा दुईलाख सुरक्षाकर्मीको मनोवल निर्वाचनका पक्ष बनेको राजनीतिक दलहरूले त गुमाए । गुमाए। स्वतन्त्र मन्त्रिपरिषदको रथ हाूकेर चुनाव फत्ते गराउने बेडा उठाएका महारथी अध्यक्ष खिलराज रेग्मीले पनि यो सुन्दर मौका पहिलो चरणमै गुमाए । सुरक्षा निकायको मन कति दुःखेको होला ? यी निकायहरू कति ग्लानीबोध गरिरहेका होलान् ? अफै पनि समय छ । मन्त्रिपरिषद अध्यक्ष खिलराज रेग्मीले सोचुन्- देशका लागि जस्तोसुकै अवस्थामा पनि खतराबोध नगरी अहोरात्र खट्ने सुरक्षा शक्तिको सम्मान आवश्यक छ, यो शक्तिको बेइजत राष्ट्रकै अपमान हो ।

हुन त खिलराज रेग्मी आफै मन्त्रिपरिषदका अध्यक्ष भएकै होइनन् । सतहमा देखिएको दृश्यअनुसार उनलाई चार दलको सहमतिमा चुनावी सरकार गठन गर्न प्रधानमन्त्रीसमेतले पटक पटक अनुरोध गरेर मनाइएको हो । तर, भित्री चुरो कुरो उनलाई कसैले उचालेर सत्तामा थचारिदिएको हो । थचारिने व्यक्ति थचारिन्छ । रिमोटले आदेश दिएअनुसार चल्न सकेन भने पछारिन्छ । त्यसो त पहिलो गाँसमै ढुंगा भने भैँ २०७० साल जेठमा चुनाव गराउँछु भन्ने कबुल गरेर आएका खिलराज रेग्मीले सत्तामा पुगेको २६ दिनपछि मुख फोडेरै भने- कात्तिक, मंसिरमा चुनाव हुन्छ । चुनावको मिति तोक्ने (सम्भवतः कात्तिक २९ गते) तैयारी भइरहेको छ । चुनाव हुने कुरामा कसैले शंका नगरे हुन्छ । अर्थात् खिलराज रेग्मीले 'लोकतान्त्रिक जंगबहादुर' बन्ने मार्गमा उभिएर लोकतान्त्रिक नेताहरूलाई 'धिरे से मारा जोड्का धक्का' को पहिलो फट्का दिए । हेर्दै जाउं यस्ता धक्काहरू क्रमैसंग आउँदै र लाग्दै जानेछन् । राजनीतिक दलका नेताहरूले जुन गल्ती गरेका छन् । यो गल्तीको सजाय यिनले नै भोग्नुपर्नेछ ।

जसरी बाबुराम सरकमाँर फाल्न राष्ट्रपतिले सकेनन् । जेठ १४ गते राति संविधानसभा बिघटन भएपछि १६ गते राष्ट्रपतिले तिमी कामचलाउ भनिदिए तर १० महिनापछिको फागुन ३० गतेसम्म पनि राष्ट्रपतिले बाबुराम सरकारलाई बर्खास्त गर्न सकेनन् । यसको अर्थ सरकार नै कार्यकारी हुनेरहेछ । यही नजिरले पनि भन्छ- खिलराज रेग्मीको सरकारविरूद्ध चार दल जाने सक्दैनन् । चार दलले खिलराज सरकार फाल्न खोजे पनि उनीहरूको सिफारिस बैधानिक र मँन्य हुने सक्दैन । खिलराज सरकार बिघटन गर्न खिलराजले नै प्रस्ताव गर्नुपर्छ अर्थात् खिलराज सरकार चुनाव होस् अथवा नहोस्। जति पनि लम्बिन सक्छ । चुनाव सम्भव गराउन राजनीतिक सहमति गर्ने जिम्मा चारदलको हो । मन्त्रिपरिषदका अध्यक्ष खिलराज चुनाव भएन भने सत्तामा ढलीमली गरिरहन्छन् । चार दल र बाबुरामले खा भनेर बैधानिक रूपमा सिफारिस गरेर आएका र खाएका हुन् । चुनाव नभए उनलाई केको टाउको दुखाइ ? अन्तरिम संविधानतः खिलराजको सिफारिस नभई न संविधान संशोधन हुन सक्छ । न खिलराजलाई कसैले सत्ताबाट हटाउन सक्छ ? संयन्त्र भनेको लुटीखाने चार दलीय सान्चा पहलमानीमात्र हो ।

चुनावका मार्गमा चुनौती धेरै छन् । सबैभन्दा ठूलो चुनौती नेकपा-बैद्यसहितका ३३ दल बनेका छन् । खिलराज सरकार र चार दलको सिन्डिकेट बिघटन नभए चुनाव बिथोलिन्छ भनेर नेपालबन्द गरेर बिद्रोहीले बिद्रोह मार्गमा पाइला सारिसके । यी बिद्रोहीहरूलाई निर्वाचन अपरिहार्य छ। निर्वाचन नभए लोकतन्त्र हार्छ । बिद्रोह गर्दा जनताको विश्वास समाप्त हुन्छ भनेर बुझ्‌ाइदिने नैतिक ताकत सरकारमाथिको नाङ्गो तरवार बनेर भुण्डिएका चार दलसूग छैन । किनभने उनीहरू बाबुरामको सरकार हटाएर खिलराजको सरकार गठन प्रक्रियादेखि नै भागबण्डामा लिप्त बनेको देखिइसक्यो । उनीहरूलाई मन्त्री पनि चाहिने। संवैधानिक तथा राजदूतहरूको नियुक्ती र सिडियोदेखि खरदारसम्मको सरूवामा आफूले भनेजस्तो पनि हुनुपर्ने । निष्पक्ष चुनाव हुनुपर्छ भन्ने अनि सरकारमाथि बसेर स्वतन्त्र नामको सरकारको निरन्तर दुरूपयोग गरिरहने । मन्त्रिपरिषदका अध्यक्ष खिलराज रेग्मी जर्नेल होइन, 'इमान्दार रनर (सिपाही)' जस्तो बनेर कतिञ्जेल आज्ञाको पालन गरिरहने ? लोकतन्त्रमा लाइमलाइट भनेको यस्तो हुदैन । राष्ट्रपति फिजीमा भारतले खडा गरेको महेन्द्र चौधरीजस्तो । प्रधानमन्त्री चार नेताका सिपाहीजस्तो । बनारसका तवाइफ शरीर बेच्छे र इमान्दारिताका साथ ग्राहकलाई यौनतृप्ति पारिदिन्छे । नेपालका राजनीतिक नेताहरूमा न इमान देखियो । न राजनीतिक धर्म बच्यो । यिनको इमान र धर्म भनेको सत्तामा जमिन्दारी कायम गर्नुमात्र हो । नेताहरूले लोकतन्त्रको लोकाचारसम्म पनि कामय राख्न सकेनन् । यिनीहरू 'दयाका पात्र' बनेका छन् ।

किनकि एकजना नेता पनि राष्ट्रिय नेता बन्न सकेनन् । क्षेत्रीय स्तरको नेतासम्म पनि कोही छैनन् । जो छन् । अरू बेला स्वार्थका बशमा र चुनाव आएपछि निर्वाचन क्षेत्रमा सिमित छन् । राजतन्त्रलाई दुश्मन मानियो। सामन्त र शोषक ठानियो। निरङ्कूशताको प्रतीक र लुटाह भनेर आरोप लगाइयो । राजतन्त्र नामको सेतो हात्ती पाल्नुभन्दा यसलाई फालेर लोकतन्त्र ल्याउदा फलमल्ल उज्यालो हुन्छ भनेर सपना बाूडियो । 'खोदा पहाड, निकला चुहा ।' उज्यालो होइन। मुलुक अन्धकार सुरूङ पो बन्यो । एउटा राजा फालेर थुप्रै राजा जन्मिए । यी दलीय राजाहरू आफूलाई महाराजा ठान्न थालेका छन् । यिनलाई नियन्त्रण र सन्तुलनमा राख्ने कसले ? कर्तव्यच्यूत खाडलमा भासिएकाहरूलाई जिम्मेवार राजनीतिक धरातलमा उठाउने कसले ?

भनिन्छ। काँचो वायु डरलाग्दो हुन्छ । काँचो वायुको उठान गर्न सजिलो छ । बैठान गर्न कठिन । १० वर्षे जनयुद्ध र ०६३ सालको जनआन्दोलनबाट उठेको काूचो वायुले खली खान खोज्दैछ । काूचो वायुले संविधानसभा चपायो । शान्तिसुरक्षा र अमनचेन निल्यो । प्रचण्ड, माधव, फलनाथ र बाबुराम फेल भए । प्रधानन्यायाधीश कम्मर कसेर आएका छन् । कम बोल्ने र बोल्ड निर्णय गर्न नसक्ने उनी पनि 'तीसमार खाँ' बन्लान्जस्तो छैन । विश्लेषकहरू भन्छन्, राजनीतिक गत्यारोधमा थपिएका विश्वासको संकटले आगामी मंसिरमा पनि चुनाव होला जस्तो छैन । पेण्डोराको बाकस भर्खर खुल्यो । प्राणघातक किटपतङ्गले समाज, सहर र देशव्यापी रूपमा फैलाउने महामारी सुनामीको हाहाकारभन्दा पीडादायी हुने हो कि भन्ने भय फैलिन थालिसक्यो । पहिले स्वाइन फ्लूको महामारी चलेको थियो । बर्ड फ्लूको महामारी बढ्दो छ । राजनीतिक फ्लूको महामारीले कतै सुरसाको मुखजस्तो रक्तपातको स्थिति नल्याओस् । चार शिर्ष दलहरूमध्ये पनि एमाओवादीका अध्यक्ष प्रचण्डले जुन तरिकाले सहमति भन्दा पनि जबरजस्ती गरेर अघि बढ्ने विचार फैलाइरहेका छन्, यसबाट राजनीतिकर्मीले खली र यो महामारीले 'मान्छेको बली' खाने खोजेको हो कि भन्ने त्रासको हावा चल्न थालिसकेको छ । यो हावा, हुरी हुण्डरी नबनोस्, सबैलाई चेतना भया ।



# Kashmir: Heaven of Earth Demand Global Attention

*Zaheerul Hassan*

Uno upheld Pakistan stance and rejected an Indian argument of diminishing the role of United Nations Military Observers Group in India Pakistan (UNMOGIP), ceasefire along the Line of Control in Indian occupied Kashmir, has been overtaken by the 1972 bilateral Simla agreement, Pakistan Ambassador Masood Khan also confirmed that "No bilateral agreement between India and Pakistan has overtaken or affected the role or legality of UNMOGIP," He very rightly added that appointment or removal of UNIMOGIP from ceasefire is prerogative of UN Security Council.

Notably, earlier Indian ambassador raised the issue after Pakistan's Foreign Secretary Jalil Abbas Gilani, who presided over the council meeting, underscored the "important role" UNMOGIP has played in monitoring peace along the LoC.

Anyhow, we can say that Indian move of removal of real bone of contention "Kashmir" from international agenda has been terribly failed. UNMOGIP not only report the violation on LoC but also give reports of Indian brutality against Kashmiris. Global community and UN Security Council should ask India to resolve burning issue "Kashmir" with Pakistan.

139,000 Sq Km (53,700 Sq Mi) with population of over 10 million (2001) Kashmir state is bounded to the west by Pakistan. 740 Km Line-of-Control separates it from Azad Kashmir and in the East by Ladakh, Tibet and Aksian China. The state is drained by numerous rivers which include Indus, Zanskar, Suru, Nubra Shyok, Jhelum, and Chenab. The valley is known as heaven on earth because of its scenic beauty, Chinar, Deodar and Alpine trees, grassy slopes full of flowers, fresh water lakes, waterfalls, crystal blue sky and snow covered high peaks and brave inhabitants of the valley.

Kashmir dispute started since the day, when Hari Singh, Maharaja of Jammu & Kashmir against the wishes of locals announced its accession with India in October 1947. Since then local population is protesting against Indian forces brutality in Kashmir.

According to the spokes man of All Parties Hurriyet Conference Azad Jammu and Kashmir since 1989 to 15 October 2012, total killing of innocent individuals were 93,801, Custodial Killings in various camps and jails were 6,996. Overall 1, 20,392 individuals have been arrested, structural damaged have been done to the property was 1, 05,955. Moreover 22,764 women have been injured and suffered with severe injuries, 10,042 women have been gang raped or molested and over 1, 07,441 kids have become orphaned.

On December 10 ,2012 Srinagar, A report released by the Research Section of Kashmir Media Service on the occasion of the World Human Rights Day. The report states Indian security forces rendered 22,764 women widowed and 107,441 children orphaned. It also reveled that the troops molested 10,042 women and damaged 105,970 structures. It maintained that the Indian troops and police subjected over 8,000 people to custodial disappearance during the last 23 years. In Occupied State of Jammu & Kashmir (OSJK), Indian army, in their fresh act of state terrorism, martyred two youth in Poonch district.

The Indian armed forces killed the youth during indiscriminate firing at Nangi Tekri in Krishna Ghati area of the district.

It is also notable that hundreds of serving Indian soldiers including senior officers are accused of involvement in widespread human rights abuses in Held Kashmir, daily Guardian reports. The article published in the United Kingdom's leading daily gives reference to report by a team of veteran legal activists in the Himalayan state that names 500 alleged perpetrators ranging from low-ranking policemen to Indian army generals. The writer Jason Burke based in Delhi says the charges relate to incidents occurring throughout more than 20 years of violence pitting armed religious and freedom fighters groups against New Delhi's rule in Held Kashmir and include shootings, abductions, torture and rapes.

The barbaric acts of cruelty and criminal violence against innocent people of Kashmir by Indian Security Forces go on unchecked, making lives of Kashmiris extremely wretched and exceptionally terrified. Unfortunately the world opinion builders and media remains silent –on grave human rights violations committed against women, children and the elderly. International Peoples' Tribunal for Human Rights in Indian Administered Kashmir (IPTK) and Association of Parent of Disappeared Persons (APDP) released a report (355 pages) in December 2012 uncovering brutal and wickedly barbaric acts of Indian Army, Border Security Force (BSF), Central Reserve Police Forces (CRPF) and elements of other Security and Police Forces, all violently striking against armless Kashmiris. The aim is to intimidate them and suppress their freedom movement. The report gives precise details of many established and proven cruelties which the "largest democracy" on earth (India) did not bother to acknO"owledge or investigate. The report also uncovers truth behind Indian allegations that violence in IOK was caused by Pakistan.

Many Kashmiri migrated from Kashmir have uncovered the real face of Indian armed forces and said that these Forces are engaged in raping of women, killing innocent people and looting their property.

Concluding, I say that Indian Security Forces, uncovering their ignominious prejudices against Kashmiri people and making desperate attempts to undermine the legitimate Kashmiri freedom struggle. World forum should pay attention in resolution of two nuclear neighbours of South Asia.

## हाम्रो आवश्यकता...

संघीयतामा जानु पर्ने अडानमा रहेका छन् । पहिला पनि संविधान निर्माण हुन नसकेको प्रमुख मुद्दा भनेको संघीयता नै थियो । संघीयतामा मुलुक गएपनि छिमेकी मुलुकहरूको स्वार्थ अनुसार मात्र जानुपर्ने छिमेकी मुलुकहरूको दबाब रहेको छ । दक्षिणी छिमेकी मुलुक भारत कुनै हालतमा पनि तराईंलाई एक प्रदेश मात्र बनाइनु पर्ने र पहाडमा जाति प्रदेश १०–१२ बनाए पनि हुन्छ भन्ने दबाद दिइरहेको छ, भने उत्तरी छिमेकी मुलुक चीन तराईमा एक प्रदेश किन र पहाडमा मात्र धेरै प्रदेश किन ? प्रश्न उठाइरहेको अवस्थामा संघीयताका बारेमा विवाद सिर्जना भएको छ । त्यसैगरी शासकीय स्वरूपका बारेमा समेत दलहरूबीच व्यापक विवाद रहेको प्रष्ट देखिएको छ । संसदबाट प्रधानमन्त्री बनाउन सक्ने व्यवस्था गरिएमा प्रधानमन्त्रीलाई कठपुतली बनाएर आफ्नो स्वार्थ सिद्ध गर्न सकिने एउटा छिमेकीको सोच र अर्को छिमेकीको सोचमा प्रत्यक्ष निर्वाचनबाट राष्ट्रपति र प्रधानमन्त्रीको व्यवस्था भएमा स्थायी सरकार निर्माण हुने विश्वास अर्को छिमेकी मुलुकले लिएको हुनाले यी दुवै छिमेकी मुलुकहरूको अवधारणा बुझेर नेपाल र नेपाली माटो हावापानी सुहाउँदो व्यवस्था गर्न नसकिएको खण्डमा संविधानसभाले बनाउने भनिएको संविधानले नै जनता जनताबचि वैभाव उत्पन्न गराउने र काटमारको अवस्था सिर्जना हुन सक्ने सम्भावना समेत देखिएको छ । एकीकृत नकेपा माओवादीले भनेजस्तो राष्ट्रपति र प्रधानमन्त्रीमा कार्यकारी अधिकार बाँडफाँड गरिएको अवस्थामा मुलुकको अवस्था कस्तो होला ? हालका संवैधानिक राष्ट्रपति र कार्यकारी प्रधानमन्त्री बीच पनि गाँड कोराकोर भएको नेपाली जनताले सुनेका छन् । एउटा संवैधानिक राष्ट्रपतिका विरूद्ध तत्कालिन कार्यकारी प्रधानमन्त्री डा.बाबुराम भट्टराईले मन्त्रिपरिषद्को बैठकबाट प्रस्ताव नै पारित गरी राष्ट्रपतिको कार्यको विरूद्धमा विरोध जनाएका थिए । अब राष्ट्रपति र प्रधानमन्त्री दुवैलाई कार्यकारी अधिकार दिएको खण्डमा मुलुक सोमालिया हुँदैन भन्ने ग्यारेन्टी कसले दिने ?

नेपाली जनताले नयाँ संविधान बनेपछि आफ्ना सबै समस्याहरू समाधान हुने र मुलुक संविधान अनुसार सञ्चालन हुने विश्वास लिएर संविधान जतिसक्दो चाँडो बन्नु पर्ने चाहेका छन् । गरिब नेपाली जनताले तिरेको करमाथि ब्रम्हलुट मच्याउन मात्र संविधानसभाको आवश्यकता छैन । एक पटक संविधान निर्माण गर्न संविधानसभा असफल भइसकेको अवस्थामा अब नयाँ ढंगले संविधान बनाइनु पर्दछ । आजको २१ औं शताब्दीमा १८ औं शताब्दीको संविधानसभाको परिकल्पना गरेर संविधान निर्माण हुन सक्दैन । पछिल्लो पटक दलहरू गठन गर्ने कार्यले तिब्रता पाएको छ । दल गठन गरेर २–४ सय व्यक्ति भेला भएकै भरमा लुट्न पाइने र राज्यबाट विभिन्न प्रकारका सुविधाहरू पाइने भएका हुनाले जो सुकैले पनि दल गठन गर्ने गरेका हुनाले, अब साझा एजेण्डा मिल्ने दलहरूले साझा एजेन्डाको मस्यौदा बनाएर त्यही मस्यौदा जनता कहाँ लगेर जुन दलको एजेन्डालाई जनताले अनुमोदन गर्दछ, त्यसैको आधारमा संविधानसभाको निर्माण गरिए संविधान बन्न सक्छ ? आ–आफ्नो मस्यौदाका आधारमा साझा मुद्दामा मिल्न सक्ने दलहरू जनताको घरदैलामा गएर आ–आफ्नो एजेन्डाहरूमा मत दिन जनतालाई आग्रह गर्ने गरेको खण्डमा एक किसिमले त्यो जनमत संग्रह नै हुन्छ । अहिले एकीकृत नेकपा माओवादी र केही मधेशी दल एउटा मोर्चामा र नेपाली कांग्रेस, नेकपा एमालेसहितका अन्य प्रजातान्त्रिक पार्टीहरू एउटा मोर्चा रहेका र यिनीहरूभन्दा बाहेकका अन्य दलहरू नेकपा–माओवादीको मोर्चामा रहेका हुनाले अब यिनै दलहरूले तीन दलीय मोर्चाबन्दी गरेर सोही अनुरूपको आ–आफ्नो संविधानको मस्यौदा जनताकहाँ लगेर त्यहीबाट अनुमोदन गराएर ल्याएको खण्डमा सजिलै निर्माण हुन सक्छ । तीन मोर्चा मध्येको कसको मस्यौदालाई जनताले बढीमत दिएका छन्, त्यसैको अध्यक्षतामा संविधान निर्माण गर्ने प्रक्रिया थालेको खण्डमा नेपाल र नेपाली जनताले समेत खुसीको शास फोर्न पाउने छन् । एक हिसाबले संविधानसभाबाट संविधान बनाउने भनेको अँध्यारोमा ढुंगा हने सरह मात्र हो, ढुंगा सही ठाउँमा पनि लाग्न सक्छ, नलाग्न पनि सक्छ । तर उज्यालोमा ढुंगा हानेमा सही ठाउमै लाग्छ, त्यसैकारण अब संविधानसभाको नाममा मुलुकलाई ब्रम्हलुट हुनबाट जोगाउन र जनतालाई फेरि संविधानसभाको नाममा बन्धक बनाउन नदिऔं । यहि नै दलहरूको लागि उचित विकल्प हुन सक्छ ।

*devendrachudal@gmail.com*

# आरक्षण होइन, अवसर देउ

***सविता शर्मा***

आजभोलि महिला आरक्षणको कुरा निकै उठ्ने गरेको पाइन्छ । विभिन्न सरकारी तथा गैह्रसरकारी निकाय महिलाको कोटा छुट्याएर मात्र पुग्दैन । त्यसको सँगसँगै त्यस पदको लागि तोकिएको शैक्षिक योग्यताको पनि कुरा आउँछ । त्यसकारण महिला आरक्षण भन्दा पनि उनीहरूको स्तरोन्नती गर्न मद्दत पुग्ने वातावरणको सिर्जना गर्नु अति आवश्यक भइसकेको छ । नेपालमा मात्र होइन, विश्वमै महिला पछि परेका छन् । यसका विविध कारण हुन सक्लान् । घरभित्र मात्र सीमित भएको अवस्थामा केही महिला भने बाहिरी संसारमा आफ्नो भूमिका निर्वाह गरिरहेका छन् । केही बाहिर निस्कन खोजिरहेका छन् । राजनीतिक, आर्थिक, सामाजिक, कानूनी तथा सांस्कृतिकरूपमा उनीहरूको सम्मानित र उचित स्थान छैन । राजनीतिक रूपमा हेर्दा नेतृत्व तहमा महिलाको उपस्थिति नगण्य संख्यामा छ भने भएको पनि अधिकारसम्पन्न र निर्णायक पदमा छैन । नेतृत्वतहदेखि तल्लो तहसम्म महिला उपस्थिति न्यून देखिन्छ ।

आर्थिक क्रियाकलापमा महिला सहभागिता पनि अत्यन्त कम मात्र छ, जसले आर्थिक उपार्जनका क्षेत्रमा महिलाको पहुँच छैन भन्दा गलत अर्थ लाग्दैन । आर्थिक क्रियाकलापमा सहभागी नहुनु त छँदैछ घरमा अहोरात्र खट्दा पनि उनीहरूको कामलाई आर्थिक मूल्यांकन नगरिनु अर्को दुःखद पक्ष हो ।

अझै पनि ग्रामीण क्षेत्रमा महिलालाई समान कामका लागि असमान ज्याला दिइन्न । महिला भएकै कारण कतिपय अधिकारबाट वञ्चित हुनुपरेको छ । पुरुषसरहको अधिकारबाट वञ्चित हुनुपरेको छ । सांस्कृतिक रूपमा पनि महिलालाई हेयभावले हेरिन्छ । विभिन्न मूल्य मान्यताले तल्लो दर्जामा राखेको छ । जुन कुराले गर्दा आम महिलाले बाहिरी संसारसँग खासै नजिक हुने अवसर पाएका छैनन् ।

महिला पिछडिएको कुरालाई सबैले स्वीकार गरेर हुनुपर्छ विश्वव्यापीरूपमा महिलालाई अगाडि ल्याउन र सामाजिक भूमिकामा उनीहरूको स्थानलाई सुरक्षित गर्नका लागि विभिन्न तह र तप्कामा आरक्षणको व्यवस्था गरियो । जसलाई सकारात्मक विभेदका नामले पनि बुझ्ने गरिन्छ । समाजमा विविध कारणले पछि परेको र अधिकारबाट वञ्चित समुदाय, वर्ग, जातजाति, लिंग तथा क्षेत्रका समूहलाई विशेष गरी रोजगारी र शैक्षिक क्षेत्रमा निश्चित कोटा छुट्याई त्यसमा उनीहरूलाई मात्र सहभागी गराउने प्रक्रिया वा व्यवस्था नै आरक्षण हो । पछि परेको वर्ग, समुदाय, लिंगको उत्थान गर्दै उनीहरूको नीति निर्माण तहसम्म सहभागिता सुनिश्चित गर्नु, समतामूलक समाज निर्माण गर्नु, सबै क्षेत्रमा सबैको प्रतिनिधित्व गराउनु र राज्यमा सबै नागरिकको समान पहुँच कायम गर्ने अवधारणा अनुरूप आरक्षणको व्यवस्था भएको हो । यसले लोकतन्त्र बलियो बनाउँदै समुन्नत राष्ट्र निर्माणमा ठूलो सहयोग पुऱ्याउँछ । विश्व बैंकका अनुसार आरक्षणको प्रयोग सर्वप्रथम सन् १९६४ मा अमेरिकामा भएको हो ।कानूनी रूपमा महिलाका लागि तोकिएको आरक्षित कोटामा पनि सो अनुसारको उपस्थिति कायम हुन सकेको छैन । कर्मचारीतन्त्र, राजनीतिक दलको नेतृत्व तहमा, सञ्चार गृहमा, संस्थान, बैंक, नेपाल प्रहरी, नेपाली सेना, देशका मुख्य पदमा, संवैधानिक निकाय लगायतका सेवा समूहमा महिला उपस्थिति निकै न्यून छ ।

नेपालमा पहिलोपटक संवैधानिकरूपमा 'नेपालको अन्तरिम संविधान २०६३' मा सकारात्मक विभेदको उल्लेख गरिएको छ । सरकारी निकायमा नै कानूनी व्यवस्था बमोजिम महिला उपस्थिति अझै कायम हुन सकेको छैन भने निजी कार्यालयमा यस कुराको कुनै परवाह छैन । अहिले सम्पूर्ण क्षेत्रमा कानूनी व्यवस्था गरिएको आरक्षित कोटालाई मात्र पनि सुरक्षित गर्न सकेमा ठूलो उपलब्धि सिद्ध हुने थियो । निजी क्षेत्रमा पनि अनिवार्य रूपमा महिला उपस्थितिलाई सुनिश्चित गर्न पहलकदमी हुनु अहिलेको आवश्यकता हो । रोजगारमा आरक्षण दिनुभन्दा पनि रोजगारका लागि सक्षम जनशक्ति निर्माण गर्ने ठाउँमा प्रशस्त कोटाको व्यवस्था गर्न सके त्यसले महिलाको आत्मविश्वास बढाउनुका साथै स्वतः महिलाको हरेक क्षेत्रको उपस्थिति सुनिश्चित हुन सक्छ । उदाहरणका लागि एमबीबीएस पढिसकेकालाई डाक्टरको कोटा माग गर्नुभन्दा पनि एमबीबीएस पढ्ने ठाउँमा नै महिलाका लागि कोटाको संख्या बढाउन सके राम्रो हुनेछ ।

कतिपय महिला आरक्षणका लागि मागिएका कोटामा निर्धारित योग्यता अनुरूपका महिला नहुँदा ती पद त्यसै खाली रहेका छन् । यसले कोटा मात्र सिर्जना गरेर हुँदैन त्यो भन्दा पहिले जनशक्ति तयार गरिनुपर्छ । त्यसका लागि विभिन्न किसिमका तालीम दिने, पढ्ने ठाउँमा कोटाका लागि पहल गरौं जसले आत्मविश्वासका साथ महिलालाई अघि आउन पनि सहयोग गर्छ ।

शैक्षिक क्षेत्रमा तल्लो तहदेखि नै महिलाका लागि विशेष कोटाको व्यवस्था गर्दै माथिल्लो शैक्षिक तहसम्म, प्राविधिक तथा अन्य विविध अध्ययनका क्षेत्रमा जतिसक्दो संख्या बढाउने रणनीति अपनाउन सके भविष्यमा उल्लेख्य उपलब्धि हासिल हुन सक्छ । आरक्षणबाट रोजगारमा आउनेलाई हेयभावले हेर्ने गरिन्छ । दक्ष, सक्षम भइकन खुला प्रतिस्पर्धाबाट महिला अगाडि आउन सके भने देशकै गर्वको विषय हुन्छ ।

पुरुष मात्र सक्षम भएर त्यसले कुनै अर्थ राख्दैन । कतिपय मुलुकमा महिलाले घुम्टो ओढेर बस्नुपर्छ र समाजमा उनीहरूको कुनै भूमिका हुँदैन, ती मुलुक आर्थिक रूपले निकै सबल छन् तर पनि ती मुलुकलाई विकसित मुलुकका रूपमा हेरिँदैन । यसको मुख्य कारण हो त्यहाँका महिला निकै पिछडिएको अवस्थामा बाँच्न बाध्य छन् । त्यसैले आर्थिक विकास मात्र विकास होइन सामाजिक विकासका लागि हरेक क्षेत्रमा महिलाको उपस्थिति सुनिश्चित जरूरी हुन्छ । महिलाको सशक्तिकरण मार्फत दक्षताका आधार प्रतिस्पर्धी तयार गर्नु नै आजको आवश्यकता हो यति गर्न नसके पनि आरक्षणको व्यवस्थालाई सुरक्षित गर्न सक्नुपर्छ ।

**आर्थिक क्रियाकलापमा महिला सहभागिता पनि अत्यन्त कम मात्र छ, जसले आर्थिक उपार्जनका क्षेत्रमा महिलाको पहुच छैन भन्दा गलत अर्थ लाग्दैन । आर्थिक क्रियाकलापमा सहभागी नहुनु त छादैछ घरमा अहोरात्र खट्दा पनि उनीहरूको कामलाई आर्थिक मूल्यांकन नगरिनु अर्को दुःखद पक्ष हो ।**

लोकसेवा आयोगले लिने खुला तथा आरक्षणको लिखित परीक्षाफल प्रकाशित भएपछि लिइने अन्तर्वार्तामा आरक्षणतर्फ नाम निकाल्नेहरूको पहिले अन्तर्वार्ता लिइन्छ । यसले खुला तथा आरक्षण दुवैतर्फ नाम निकाल्ने महिला आरक्षणतर्फको अन्तर्वार्तामा सफल भएमा उनीहरूले खुलातर्फ सहभागी हुन पाउँदैनन् । खुलातर्फ अरूले नै अवसर पाउँछन् । खुलातर्फको अन्तर्वार्ता आरक्षणतर्फको भन्दा पहिले नै लिने व्यवस्था भएमा दुवैतर्फ नाम निकाल्ने महिला खुलातर्फ सफल भए भने आरक्षणतर्फ थप अन्य महिलाले स्थान पाउन सक्छन् । यसले महिला सहभागिता बढाउन सहयोग पुऱ्याउँछ । निजामती सेवा ऐनमा महिलाका लागि ३३ प्रतिशत कोटा छुट्याइएको भनिए पनि त्यो त आरक्षित कोटा अन्तर्गतको ३३ प्रतिशत मात्र हो तप्रतिशतको ३३ प्रतिशत होइन । यो थोरै प्राविधिक कुरा हो तर धेरैले यसलाई शतप्रतिशतको ३३ प्रतिशतका रूपमा बुझिरहेका छन् । शतप्रतिशतमा त यो संख्या करीब १५ ९१४।८५० प्रतिशत मात्र हुन आउँछ ।

यस्तो उपस्थितिले महिला सहभागितामा उल्लेख्य सुधार आउन सक्ला र ? अर्को भुल्न नहुने पाटो कानूनी व्यवस्थाले मात्रै पनि सफलता हासिल गर्न सकिँदैन । पैतृक सम्पत्तिमा समान हक भन्ने व्यवस्था भए पनि बिहे गरेका छोरीले सम्पत्ति पाएका छैनन् । व्यवस्थाले मात्र के गदीरहेछ त ? महिलाको पिछडिएको अवस्थालाई स्वीकार गर्दै राजनीति, प्रशासन संयन्त्र, रोजगारका विविध क्षेत्र, शिक्षण पेशा, न्यायसेवा लगायतका विविध क्षेत्रमा महिला आरक्षणको व्यवस्था भने भएको छ । आरक्षणको व्यवस्था त भयो तर त्यसको पूर्ण कार्यान्वयन भएको छ वा छैन ? कुन कुन क्षेत्रमा महिलाको अवस्था के कस्तो छ ? महिला उपस्थिति के छ ? यसलाई गहन रूपमा अध्ययन गरी अबको बाटो छिटै तय गर्नुपर्छ ।




# भारतीय आणविक ऊर्जा पार्कमा जोखिमपूर्ण खेल

*रन्जित देवराज*

नयाँदिल्ली । गुजरात राज्यको पश्चिमी तटीय जिल्ला भवनगरको मिठी भिर्दी गाउँका भागवत सिंह गोहिल आफ्नो हराभरा पुष्प उद्यानको भविष्यप्रति आजभोलि निकै चिन्तित छन् । "सुख्खा, कठोर समुद्र र भूकम्पबाट जसोतसो जोगाएको उनको पुष्प उद्यान अब आणविक ऊर्जा पार्कका कारण मानव-निर्मित विपद्को खतरामा परेको छ ।"

मिठी भिर्दी गाउँबाट टेलिफोनमा आईपीएससँग कुरा गर्दै गोहिलले गुजरात आणविक ऊर्जा पार्क ( जीएनपीपी) को सुरक्षा प्रत्याभूति गर्ने सरकारी घोषणाप्रति आफू र स्थानीय गाउँवासीहरूमा विश्वास नरहेको बताए । यो परियोजना निर्माणको कार्य सम्पन्न भएपछि यहाँबाट ६,००० मेगावाट विद्युत् उत्पादन हुनेछ । "उनीहरूले ठूला आणविक ऊर्जा प्लान्ट निर्माणका लागि योभन्दा निकै खराब ठाउँहरु छनौट गर्न सक्थे - यहाँ लगातार ठूल्ठूला भूकम्प गएको इतिहास छ र जापानको फुकुसीमाको जस्तै खम्बाटमा सामुद्रिक विपद्को खतरा यहाँ छ । यही ठाउँमा जीएनपीपी आउनु दुःखद हो," गोहिलले बताए । "यसका साथै, गुजरातको पश्चिम तटीय क्षेत्रमा शत्रुतापूर्ण व्यवहार गर्ने पाकिस्तान छिमेकी छ । भविष्यमा हुन सक्ने युद्धमा यो आणविक केन्द्रमा बम हमला भयो भने के हुन्छ ?"

मार्च ५ का दिन गोहिल र झण्डै ५,००० स्थानीय गाउँलेले स्थानीय प्रशासनले आयोजना गरेको सार्वजनिक सुनुवाइ कार्यक्रम मौनरूपमा बहिस्कार गरी हिँडे । यो कार्यक्रमको आयोजना जीएनपीपीको निर्माणका लागि स्वीकृति जनाइदिन आयोजना गरिएको थियो । यहाँ वेस्टिङहाउस-तोसिबा कम्पनीका १,००० मेगावाट क्षमताका छवटा आणविक भट्टी राख्ने कार्यक्रम छ ।

"हामी त्यो गैरकानुनी सार्वजनिक सुनुवाइको पक्ष हुन चाहेनौं जसले वातावरणीय प्रभाव मूल्याङ्कन ( इआइए) को प्रतिवेदनलाई अनुमोदन गर्ने प्रयत्न गरिरहेको थियो । यो प्रतिवेदनमा धेरैवटा कमजोरी छन् र सुरक्षा पक्षलाई पूर्णत बेवास्ता गरिएको छ जसलाई हामी चाँडै समानान्तर प्रतिवेदनका रूपमा प्रकाशन गर्ने तयारीमा जुटेका छौं," गुजरातमा सक्रिय स्वयमसेवी संस्था पर्यावरण सुरक्षा समितिका नेता रोहित प्रजापतिले बताए ।

"सर्वप्रथम, यो इआइए सार्वजनिक क्षेत्रको परामर्शदाता कम्पनी इन्जिनियर्स इन्डिया लिमिटेड (इआइएल) ले तयार पारेको हो जसले आवश्यक मान्यता नै प्राप्त गरेको छैन र यो तथ्य सरकारकै वेबसाइटबाट छर्लङ्ग हुन्छ," प्रजापतिले बताए । "गाउँलेहरूलाई धोखा दिने प्रयत्न गरिएको थियो, तर उनीहरूले यसलाई स्वीकार गरेनन् ।" कम्पनीलाई दिइएको कार्यादेश अनुसार इआइएलले विस्तृत जोखिम मूल्याङ्कन गरी विपद् व्यवस्थापन योजना प्रस्तुत गर्नुपर्ने थियो, तर अन्तिम दस्तावेजले त्यो जिम्मेवारी पूरा गरेको छैन । "हामीले यो दोषपूर्ण इआइएका बारेमा वातावरण मन्त्रालयमा लिखित विरोध जनाइसकेका छौं," प्रजापतिले भने ।

स्वतन्त्र अनुसन्धाता तथा ब्रसेल्सस्थित विकिरण जोखिमसम्बन्धी युरोपेली आयोगका सदस्य भी.टी. पद्मनाभनका अनुसार आणविक पार्क बनाउने हतारमा वातावरणीय जोखिमजस्ता आधारभूत सुरक्षा पक्षलाई इआइएमा बेवास्ता गरिएको छ ।

"उदाहरणका लागि, मिठी भिर्दी परियोजनाका निम्ति तयार पारिएको इआइएले उच्चतम बाढीको स्तरका सम्बन्धमा कुनै अध्ययन गरेको छैन जबकी यो क्षेत्र तटीय बाढीका कारण निकै जोखिमयुक्त ठाउँ हो," पद्मनाभनले आईपीएसलाई बताए ।

मार्च ६ मा नयाँ आणविक पार्कका सम्बन्धमा संसद्मा सोधिएका प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री कार्यालयका मन्त्री भी. नारायणस्वामीले तटीय आणविक ऊर्जा पार्कको निर्माणका क्रममा सम्भाव्य भूकम्प, सुनामी, सामुद्रिक आँधी तथा बाढीजस्ता पक्षलाई विचार गरिएको बताए ।

"आणविक ऊर्जा प्लान्टको निर्माणमा सुरक्षा सर्वाधिक चासोको विषय हो र निर्माण कम्पनी तथा आणविक ऊर्जा नियामक बोर्ड (एइआरबी) का अलावा अन्तर्राष्ट्रियरूपमा स्वीकृत मापदण्डलाई आधार बनाइएको छ," नारायणस्वामीले संसद् समक्ष स्पष्ट गरे । तर, यो हतारोका सम्बन्धमा गाउँवासी र अधिकारकर्मीहरू मात्र चिन्तित भएका छैनन्, केही हदसम्म अदालतले पनि प्रदर्शनकारीका आवाजलाई सुनेको छ । न्यूक्लियर पावर कर्पोरेसन अफ इन्डिया ( एनपीसीआइएल) ले तटीय क्षेत्रमा यो आणविक ऊर्जा परियोजना निर्माणको जिम्मेवारी पाएको छ, र ऊ निकै हतारमा छ ।

मार्च १२ मा दक्षिणी आन्ध्र प्रदेशको उच्च अदालतले एकजना अवकाशप्राप्त तटीय इन्जिनियर जे. रामरावले स्थानीयवासी र माझीहरूका तर्फबाट दायर गरेको निवेदनमाथि सुनुवाइ गर्दै तटीय श्रीकाकुलम जिल्लामा बनाउन लागिएको ९,००० मेगावाट क्षमताको आणविक पार्कको कार्य रोक्न आदेश दिएको थियो ।

उच्च अदालतले एइआरबीबाट मञ्जुरी समेत नलिइ ६,००० मेगावाट क्षमताको आणविक प्लान्ट राख्न सरकारले किसानको जमिन अधिग्रहण गर्ने प्रयत्न गरिएको कुरालाई ध्यानमा राखी यो फैसला गरेको थियो ।

कोभाडाका स्थानीय बासिन्दा डिसेम्बर २०१२ देखि नै प्रस्ताविक आणविक ऊर्जा प्लान्टको विरोधमा रिले अनसनमा रहेका छन् । उनीहरूको एउटै भनाइ छ, चेर्नोबिल र फुकुसिमाजस्ता आणविक दुर्घटना भए त्यसबाट हुने विकिरणको प्रदुषणले भावी मानव पुस्तामा गम्भीर असर पार्नेछ ।

तर, प्रदर्शन र अदालतको हस्तक्षेपका बाबजुद सरकार सन् २०२० सम्ममा ४० गिगावाट आणविक ऊर्जा उत्पादन गर्ने योजनामा अडिग रहेको छ । यी अधिकांश परियोजनाहरु भारतको तटीय क्षेत्रमा रहेका र निर्माणका विभिन्न चरणमा छन् । संसदमा नारायणस्वामीले अप्रिलसम्ममा दक्षिणी तामिलनाडुको कुडानकुलाम आणविक ऊर्जा परियोजना (केएनपीपी) बाट विद्युत् उत्पादन सुरू हुने जानकारी पनि दिए । ९,२०० मेगावाट विद्युत् उत्पादन गर्ने क्षमता रहेको केएनपीपी भारत र रूसबीच सम्फौता भई सन् १९८८ देखि निर्माण सुरू गरिएको थियो ।

केएनपीपीले पनि तटीय नियमन क्षेत्र (सीआरजेड) बाट औपचारिक सफाइ लिन बाँकी नै छ । गत नोभेम्बरमा एनपीसीआइएलले सर्वोच्च अदालतमा स्वीकार गरेको थियो कि अनिवार्य पर्यावरणीय स्वीकृति बेगर नै पानीबाट नून हटाउने (डिसालिनेसन) प्लान्ट निर्माण गरिएको छ । यसले विद्यमान नियमलाई कसरी बेवास्ता गरिएको छ भन्ने देखाउँछ ।

"सिआरजेड स्वीकृति कुनै प्राविधिक औपचारिकता मात्र नभइ भारतको संवेदनशील तटीय क्षेत्रको सुरक्षाका निम्ति डिजाइन गरिएको महत्वपूर्ण कार्यव्यवस्था हो," पद्मनाभनले बताए । तटीय आणविक ऊर्जा प्लान्टको निर्माणमा गरिएको हतारो र भारतीय लालफितासाही कर्मचारीतन्त्रको स्वीकृतिबीच निकै फरक देखिन्छ ।

"हामीले देखिरहेको कुरा भनेकै फुकुसिमा अनुभवको पुनरावृत्ति हो जहाँ संसदीय छानबिनबाट यो केन्द्र बन्द हुनुमा मानवीय कमजोरी नै मुख्य जिम्मेवार छ । साथै सरकार, नियामक संस्था र टोक्यो इलेक्ट्रिक पावर कम्पनीबीचको द्वन्द्वले समस्या निम्त्याएको छ," पद्मनाभनले बताए । आणविक ऊर्जा प्लान्टको निर्माणका क्रममा कमजोर प्रशासन र स्वतन्त्र नियामक संस्थाको अभाव रहेको कुरा भारतीय महालेखा परीक्षकको विभागले समेत औंल्याइसकेको छ ।

*(आई.पी.एस्./एन्.पी.आई.)*

# बोक्सीको आरोपमा पीडित बन्दै महिला

काठमौं । कैलालीमा ६० वर्षकी बृद्धा राजकुमारी रानालाई बोक्सी भनेर उनीमाथि राक्षसी आक्रमण भएको 'मानवीयताकै खिल्ली उडाउने खालको आश्चर्य र आपत्तिपूर्ण घटना'को चर्चा सेलाउन पनि पाएको छैन, नुवाकोटमा लच्याङ बस्ने ३५ वर्षकी मसिनी तामाङलाई बोक्सी भनेर चरम यातना दिएको खबर सार्वजनिक भएको छ ।

कैलालीमा छिमेकीको बच्चा मर्दा बृद्धालाई बोक्सी भनियो, नुवाकोटमा खानेकुरामा कैफत गरेर मार्न खोजेकी भन्ने आरोप लगाएर निर्घात कुटियो । उमेरकी आइमाईको लोग्ने मऱ्यो भने उनलाई बेश्या भनेर मानसिक यातना दिने गरिन्छ । बुढी र गरीब भएर असहाय भएपछि उनीमाथि बोक्सीको आरोप लगाएर ज्यूँदै मरेतुल्य पारिन्छ । यो अन्धविश्वास, यो गलत परम्परालाई तोड्नका लागि संविधानसभाको निर्वाचन संचेतना जगाउने राम्रो अवसर हुनसक्छ । बोक्सीको अन्धविश्वास अहिले पनि गाउँ गाउँमामात्र होइन, सहरमा पनि जरा गाडेर रहेको छ । यो अन्धविश्वासलाई राजनीतिक अभियानका रूपमा संचेतना जगाउन सके हटाउन सकिन्छ । यति पीडादायी खबरहरू सुन्नुपर्नेछैन । समाज सभ्यतायुक्त हुनेछ, जंगली सोचबाट समाज मुक्त हुनेछ । अग्रगमन यही हुनेछ ।

कैलालीदेखि नुवाकोटसम्मका घटनामा आमा समूह नै संलग्न भएको देखियो । प्रहरीको कारवाही होला, दोषीमाथि सजाय पनि होला तर जसमाथि बोक्सीको आरोप लागेको छ, तिनीहरू त्यही समाजमा कसरी बाँच्ने ? सामाजिक मर्यादा कसरी आर्जन गर्ने ? त्यसकारण बोक्सीको आरोप लगाउने र बोक्सी भनेर कुनै महिलालाई डामेर समाज नै मिलेर दण्डदिने क्रियाकलाप लोकतान्त्रिक हुनैसक्दैन । देश लोकतन्त्रमा गइसक्यो, तर एकल र बुद्ध महिलाहरूले लोक अधिकार कहिले प्राप्त गर्ने ? प्रधानन्यायाधीशको राजमा यति जघन्य र जंगली कृत्य ? यस्ता घटना आइन्दा घट्न नपावस् भनेर अभियान चलाउनु बेश हुनेछ । अभियानको नेतृत्व दलहरूले लिनुपर्छ ।

हो, मुलुक निर्वाचनमा जान तैयार भएको छ । ११४ पार्टी दर्ता भइसकेका छन् र जिल्लास्तरी, क्षेत्रीय र राष्ट्रिय स्तरका पार्टीहरू निर्वाचनको तैयारीमा जुटिसकेका छन् । यी सबै पार्टीले आ-आफ्ना घोषणापत्रमा बोक्सी, धामी, झाँक्रीजस्ता अन्धविश्वासी परम्पराविरूद्ध चेतना जगाउने कार्य उल्लेख गर्नेपर्ने अनिवार्य व्यवस्था हुनुपर्छ र सबै पार्टी तथा नेताहरूले सख्य र हेसियतअनुसारको अन्धविश्वास विरूद्ध चेतना जगाउने हो भने यस्तो कुरीति हटाउन सकिन्छ । बृद्ध र एकल महिलामाथि अत्याचार गर्नेमाथि कडा कारवाही गर्नका लागि सर्वदलीय सहमति र कडा कानुनको व्यवस्था गर्ने हो भने कैलाली र नुवाकोटमा घटेका जस्ता अमानवीयताको सीमा नाघेका र साह्रै मर्माहत पार्ने घटना दोहोरिने थिएनन् ।


**सुशासन कायम गर्नको लागि आह्वान**

- **प्रत्येक सचेत नागरिक राष्ट्रको सच्चा पहरेदार हो, भ्रष्ट व्यक्ति राष्ट्र, समाज र परिवारको कलङ्क हो ।**
- **सदाचारीलाई सम्मान र पुरस्कृत गरौं, भ्रष्टाचारीलाई दण्ड र तिरस्कार गरौं ।**
- **इमान्दार राष्ट्रसेवकले समाज सामु कहिल्यै शीर झुकाउनु पर्दैन ।**
- **सार्वजनिक सम्पत्ति प्रत्येक नागरिकको साझा सम्पत्ति हो, यसको दुरुपयोग हुन नदिऔं ।**
- **घुस लिने र दिने दुवै महाअपराधी हुन् । यिनीहरुलाई कारवाही गर्नमा सहयोग गरौं ।**

***तसर्थ सरकारी कार्यालय वा सार्वजनिक संस्थाबाट सम्पादन हुने काममा भ्रष्टाचार वा अनियमितता भएको वा हुन लागेको थाहा पाउनु भएमा सोको विवरण खुलाई राष्ट्रिय सतर्कता केन्द्र, अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा सम्बन्धित निकायमा उजुरी दिई मुलुकमा सुशासन कायम राख्ने कार्यमा सहयोग गरी जिम्मेवार नागरिकको कर्तव्य पुरा गर्न अनुरोध गरिन्छ ।***

नेपाल सरकार
**राष्ट्रिय सतर्कता केन्द्र,**
सिंहदरवार, काठमाडौं
फोन नं : ४२००३३९, ४२००३४२, ४२००३४३, ४२००३४६, ४२००३४७, ४२००३४९, ४२००३५०, ४२००३५१, ४२००३५५, ४२००४५५, ४२००३४१
हटलाईन : ४२००३४५ फ्याक्स : ४२००४००,
इमेल : navic@nvc.gov.np वेबसाइट : www.nvc.gov.np

# रथी चन्दद्वारा सैनिक कमाण्ड तथा स्टाफ कलेजमा प्रवचन



काठमाडौं । सैनिक कमाण्ड तथा स्टाफ कलेज, शिवपुरीमा एक समारोहकाबीच बलाधिकृत रथी नेपाल भुषण चन्दले सि.सं. २० कमाण्ड तथा स्टाफ कोर्शको प्रथम प्रवचन गरेका छन् । सो अवसरमा बलाधिकृत रथी चन्दले नेपाल लामो संक्रमणकालपछि एक सुनौलो सुरुवात तर्फ अग्रसर रहेको उल्लेख गर्दै संक्रमणकालको सुखद अन्त्यको लागि नेपाली सेनाले माओवादी सेनाका लडाकुहरूलाई सेनामा समायोजन र तालिम प्रदान गरी महत्वपुर्ण भूमिका निर्वाह गरेको बताए । नेपालको वृहत्तर दीर्घकालीन हीत, शान्ति र आर्थिक विकासको लागि अब सबैको जिम्मेवारी रहेको उल्लेख गर्दै राष्ट्र विकाश र राष्ट्रिय नीतिको लागि प्रजातान्त्रिक परिधिमा रही नेपाली सेनाले सदैव आफ्नो भूमिकालाई निर्वाह गर्न दृढ रहेको पनि बताए । साथै सो अवसरमा नेपाली सेना आफ्नो प्राथमिक जिम्मेवारीको अलावा विश्व शान्तिको खातिर निरन्तर विश्वका विभिन्न स्थानहरूमा संयुक्त राष्ट्र संघको मातहतमा रही शान्ति स्थापनार्थ तैनाथ रहँदै आएको स्मरण पनि उनले गरे ।

रथी चन्दले स्टाफ कलेज प्रवेश परीक्षा उत्तीर्ण गरी तालिममा सहभागी भएका नेपाली सेनाका अधिकृतहरूलाई बधाई दिनुका साथै नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग तथा मित्रराष्ट्रका सैनिक अधिकृतहरूलाई तालिमको सफलताका लागि शुभकामना व्यक्त गरे । तालिममा नेपाली सेनाका तर्फबाट ३० जना सेनानीहरू, नेपाल प्रहरीबाट १ जना प्रहरी नायव उपरीक्षक, सशस्त्र प्रहरीबलबाट २ जना सशस्त्र प्रहरी नायव उपरीक्षक र राष्ट्रिय अनुसन्धानका तर्फबाट १ जना प्रमुख अनुसन्धान अधिकृत लगायत मित्रराष्ट्र चीनबाट २ जना, भारत, बंगलादेश, पाकिस्तान, श्रीलंका, संयुक्त अधिराज्य बेलायत, संयुक्त राज्य अमेरिका र मलेसियाका १/१ जना गरी जम्मा ४३ जनाको सहभागिता रहेको छ ।

उक्त कार्यक्रममा नेपाली सेनाका रथी, त्रिभुवन विश्वविद्यालयका डिन तथा प्राध्यापकहरू, पूर्व शिक्षा धिकृतहरू, अन्य सुरक्षा निकायका वरिष्ठ अधिकृतहरू, नेपाली सेनाका सेनानी समूह लगायत शिक्षार्थी अधिकृतहरूको उपस्थिति रहेको थियो ।

## 'आगलागीबाट तीन महिनामा १५ को मृत्यु

काठमाडौं । गर्मीयाम सुरुवातसँगै विभिन्न जिल्लामा आगलागीमा परी तीन महिनामा १५ जनाको ज्यान गएको छ । आगलागीबाट माघयता ५४ करोडभन्दा बढीको भौतिक क्षति भएको गृह मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार पछिल्लो एकसातामा मात्रै विभिन्न ३४ जिल्लाका एक सय २१ स्थानमा आगलागीका घटना भएका छन् । घटनामा परी ३० जना घाइते भएका छन् भने एक हजार एक सय ९५ परिवार प्रभावित भएका छन् । यस्ते, आगलागीबाट एक हजार २ सय ११ घर पूर्णरूपमा र ५६ घर आंशिक रूपमा क्षति भएका छन् । दुई सय ९४ वटा घरपालुवा जनावरको मृत्यु भएको छ ।

गृह मन्त्रालयका प्रवक्ता शंकरप्रसाद कोइरालाले हालै मात्रै केन्द्रीय दैवी प्रकोप उद्धार समितिको बैठक बसी आगलागी नियन्त्रणका उपाय अपनाउन जिल्लाका सरकारी निकायलाई विशेष निर्देशन दिइएको जानकारी दिए । बैठकले सबै जिल्लाका नगर पालिकालाई दमकल तयारी अवस्थामा राख्न तथा मर्मत गर्नुपर्ने भए १५ दिनभित्र मर्मत गर्न निर्देशन दिएको छ । दमकल नभएका नगरपालिकामा तत्काल खरिद गर्ने व्यवस्था मिलाउनका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई अनुरोध गरिएको मन्त्रालयका प्रवक्ता कोइरालाले जानकारी दिए ।

## 'भोजपुर दर्पण' प्रदर्शन

काठमाडौं । भोजपुर सेवा समाज हङकङद्वारा निर्माण गरिएको वृत्तचित्र "भोजपुर दर्पण" यहाँ एक समारोहबीच विमोचन तथा प्रथम प्रदर्शन गरियो । उक्त वृत्तचित्रका निर्देशक बुलु मुकारुङ र लेखक शशी लुम्बु हुन भने वृत्तचित्रले भोजपुर जिल्लाको भूसाँस्कृतिक धार्मिक एवं पर्यटकीय क्षेत्रका साथै भौतिक विकास अनि शिवा क्षेत्रको यावत विषय-वस्तुलाई समेटेको छ । समारोहमा अर्थमन्त्रि शंकर प्रसाद कोइरालाको प्रमुख आतिथ्यमा भएको थियो भने भोजपुर सेवा समाजका अध्यक्ष पासाङ दोर्जे शेर्पाको सभापतित्वमा सम्पन्न भएको थियो ।

# आगलागी नियन्त्रणमा एपीएफ

काठमाडौं । काठमाडौंको बौद्धस्थित फुलबारी स्तम्भ नजिक एक साइबर क्याफेमा बैशाख २ गते राती भएको आगलागी नियन्त्रणमा एपीएफ टोली सक्रियताका साथ जुटेको छ । आगलागी भएको जानकारी प्राप्त हुनासाथ वसन्तपुरस्थित जुद्ध बारूण यन्त्रको कार्यालयबाट खटिएको सशस्त्र प्रहरी बलको टोली र दमकलसहितका अग्नि नियन्त्रकले सो आगलागी नियन्त्रणमा ल्याएका थिए ।

स्थानीय तेजसिंह लामाको घरको भुइँतलामा संचालित उक्त क्याफेमा विद्युतीय तारसर्ट हुँदा आगलागी भएको र आगलागीबाट कम्प्युटर, टेलिफोन सेट, रिचार्ज कार्ड, नगद लगायत करीव साँढे तीन लाख रुपैयाँ बराबरको धनमाल क्षति भएको बताएको छ । आगलागी नियन्त्रणमा सक्रिय एपीएफ टोलीका साथै दमकल, स्थानीय प्रहरी र स्थानीय वासिन्दाको समेत प्रयासमा घण्टाभित्रै सो आगलागी नियन्त्रणमा ल्याइएको थिए ।

यसैगरी बाँकेको हुलिया गाविस २ मा बैशाख ३ गते दिउँसो भएको आगलागी नियन्त्रणका लागि एपीएफ टोली परिचालित भएको छ । आगलागी भएको जानकारी प्राप्त हुनासाथै सशस्त्र प्रहरी बल सुरक्षा बेस गंगापुरबाट खटिएको एपीएफ टोली तत्काल आगलागीस्थलमा पुगेर आगलागी नियन्त्रणमा जुटेको थियो । स्थानीय बहादुर यादवको घर नजिक राखेको खरको थुप्रोमा अचानक लागेको आगो फैलिएर भएको आगलागीबाट सो ठाउँका ६० वटाभन्दा बढी घरमा क्षति पुगेको बताइएको छ । दिउँसो करीव एक वजे आगलागी भएको थाहा पाउनासाथ खटिएको एपीएफ टोली, स्थानीय प्रहरी दमकल र स्थानीय वासिन्दाले उक्त आगलागी चार वजेतिर नियन्त्रणमा ल्याएका थिए । यसैगरी बर्दिया जिल्लाको दौलतपुर ५ चिम्नी भन्ने स्थानमा बैशाख २ गते भएको आगलागी नियन्त्रणमा सशस्त्र प्रहरी बलको टोली सक्रियताका साथ जुटेको छ । आगलागी नियन्त्रणका लागि खटिएको सशस्त्र प्रहरी बल सीमा सुरक्षा पोष्ट राजापुरको एपीएफ टोलीले उक्त आगलागी नियन्त्रणमा ल्याएको हो । आगलागीबाट त्यसठाउँका पाँचवटा घरगोठ र चौपाया क्षति हुनुका साथै चार लाख रुपैयाँभन्दा बढीको धनमाल क्षति भएको बताइएको छ ।

## ग्लोबल आइएमईको खाताविनै रेमिट सेवा

काठमाडौं । ग्लोबल आइएमई बैंकले अब कोरियाबाट खाताविनै नेपालमा पैसा पठाउने सेवा सुरु गरेको छ । कोरियाको सबैभन्दा ठूलो कुकमिन बैंकको १२ सयभन्दा बढी शाखामार्फत नेपालमा ग्लोबल आइएमई बैंकका ६३ शाखा तथा आइएमईका २४ सय एजेन्टबाट खाताविनै पैसा लिन सकिनेछ । सुविधापछि कोरियाबाट गैरबैंकिङ माध्यमबाट भित्रिने रेमिट्यान्सलाई बैंकिङ माध्यमबाट भित्रिने बैंकको भनाइ छ । बैंकले हाल युएई, कतार, युके तथा इन्डियाबाट रेमिट कारोबार गर्दै आएको छ ।

## बुटवलमा प्राइम लाइफ

काठमाडौं । प्राइम लाइफ इन्स्योरेन्स कम्पनीले बुटवलमा पाँचौं क्षेत्रीय कार्यालय सञ्चालनमा ल्याएको छ । क्षेत्रीय कार्यालय उद्घाटन बिमा समितिअध्यक्ष प्राडा फत्तबहादुर केसीले मंगलबार गरेका हुन् ।

कम्पनीले यसअघि विराटनगर, हेटौंडा, काठमाडौं र नेपालगन्जमा क्षेत्रीय कार्यालय स्थापना गरी जीवन बिमा व्यवसाय सञ्चालन गर्दै आएको छ । कम्पनीले हाल मुलुकभर सय ठाउँमा शाखा तथा उपशाखा कार्यालयमार्फत बिमा कारोबार गर्दै आएको छ ।

## टुबोर्ग स्टेज म्युजिक फेस्टिबल सम्पन्न

काठमाडौं । गोर्खा ब्रुअरीको आयोजनामा 'टुबोर्ग स्टेज अन्तर्राष्ट्रिय म्युजिक फिल्म फेस्टिबल-२०१३' सम्पन्न भएको छ । टुबोर्ग बियर उत्पादक कम्पनीले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत फेस्टिबल आयोजना गरेको हो ।

मुलुकभर सञ्चालन गरिएको कार्यक्रममा दर्शकको सहभागिता उल्लेख्य रहेको कम्पनीले जनाएको छ । कार्यक्रमअन्तर्गत काठमाडौंका विभिन्न स्थानमा सांगीतिक ब्यान्डले संगीतमार्फत मनोरञ्जन प्रदान गरेका थिए । कम्पनीले नेपाली फिल्म उद्योगलाई प्रोत्साहन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको जनाएको छ ।

## मुक्तिनाथको नाफा साढे ११ करोड

**स्याङ्जा/** मुक्तिनाथ विकास बैंकले चालु आवको तेस्रो त्रैमासिक अन्त्यसम्ममा ११ करोड ४० लाख सञ्चालन मुनाफा आर्जन गरेको छ । बैंकले सोही अवधिमा ३ अर्ब २६ करोड निक्षेप संकलन गरी २ अर्ब ८३ करोड कर्जा लगानी प्रवाह गरेको छ ।

१ अर्ब अधिकृत पुँजी रहेको बैंकको चुक्ता पुँजी २४ करोड ५० लाख छ । बैंकको गत चैतमा सम्पन्न विशेष साधारणसभाले हकप्रद सेयर जारी गरी ३१ करोड ८५ लाख चुक्ता पुँजी पुऱ्याउने निर्णय गरेको प्रमुख कार्यकारी अधिकृत भरतराज ढकालले जानकारी दिए । १० जिल्ला कार्यक्षेत्र रहेको बैंकले छिट्टै रुपन्देही र बाग्लुङमा शाखा विस्तारको तयारी भइरहेको जनाएको छ ।

लैङ्गिक हिंसा रहित समाज आदर्श समाज हो, यस्तो समाज निर्माणमा हामी सबै सहभागी बनौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

## नेपाली सेना...

चुनावविरूद्ध, चुनाव भाँड्न कम्मर कसेर लागेका छन् । बाह्य रूपमा विदेशी हस्तक्षेप प्रस्टै देखिन थालेको छ । त्यसमाथि सिमानामा अतिक्रमण दिनदिनै बढेको छ । समुच्चभन्दा मुलुकको अस्तित्व र स्वाधीनता खतरामा परिसकेको अनुभव गर्न थालिएको छ । यस्तो डरलाग्दो संक्रमण भनेको सैनिक शक्ति 'मुभ' हुने अवस्थामा तयार बस्नु पर्ने हो । तर प्रधानसेनापति गौरबशमशेर जबराले तल्ला दर्जाका सैनिकलाई च्याउ खेतीतर्फ उत्साहित गरेर गर्न खोजेको के हो ? के नेपालीलाई सेना कर्तव्यपथबाट विचलित पार्दै व्यवसायिकताबाट मुक्ता पारेर नाममात्रको सेनाको हैसियतमा झार्न खोजिएको त होइन ? यस्तो आशंका सैनिक विज्ञहरूमा देखिन थालेको छ ।

## वैद्य र उपेन्द्रको...

कुनै पनि हालतमा बिथोल्ने निर्णय गरेका छन् । खुलारुपमा नेकपा माओवादीले भनेको छ- दिउँसो निर्वाचन हुँदैन, राती गर्ने भए गर । अरू अगाडि बढेर रामबहादुर थापा, सीपी गजुरेलले हाम्रो लाशमा टेकेर निर्वाचन गरेमात्र सम्भव छ, भनेका छन् । यसको अर्थ नेकपा-माओवादी चारदलको सिन्डिकेट ध्वस्त पारेरै दम लिने राजनीतिक बिबाद हेर्दा लाग्छ मुलुकमा निर्वाचन होईन, रक्तपात हुनेछ । चारदलले पूर्वाग्रह त्यागेर सहमति र सहकार्यमा पुराना गल्ती सच्याउन लागेनन् र अहंकार प्रदर्शन गरे भने अर्को जनयुद्ध माच्चिने खतरा छ ।

यसैबीच प्रचण्डले सानातिना अल्फोले निर्वाचन रोकिन्न भनेर अहंकार प्रदर्शन गरेका छन् । तर कांग्रेसका सभापति सुशील कोइरालाले सिन्डिकेट तोड्ने बताएर सहमति र निर्वाचन सम्भव पार्ने संकेत गरेका छन् । खिलराज रेग्मीको राजिनामा र राजनीतिक नेतृत्वमा सरकार बनाएर निर्वाचनमा जाने बाटो नखुलेसम्म संविधानसभाको निर्वाचन भाग-२ समपन्न होला जस्तो देखिन्न भन्ने निष्कर्ष विश्लेषकहरूको रहेको छ ।

## नेपाली सुरक्षामा...

गर्न नदिने वातावरणको अन्त्य गर्न सुझाव दिइन । तर अन्तरक्रियामा सहभागी उद्यमी, व्यवयासी, बुद्धिजिवीमात्र होइन, पार्टी कार्यकर्ताहरू कसैले पनि काम गर्न सुरक्षा बाधा छैन भनेर मुख खोल्न सकेनन् ।

अमेरिकी प्रतिनिधि नेपालमा भएको जलस्रोत लोमहर्षक स्रोत भएको भन्दै लगानीको वर्षा गर्न तयार हुँदा पनि राजनीतिक दलहरू सुरक्षा व्यवस्था मिलाउन तयार नहुनु दुर्भाग्यपूर्ण अवस्था हो । यस्ता दलहरूले नेपाललाई नयाँ नेपाल बनाउने रे ! त्यो कसरी सम्भव छ ? यो कार्यक्रममा अमेरिकी दूतावासका सम्पर्क अधिकारी सुजन पार्करले राजनीतिक स्थायित्व नहुँदा विकास निर्माणमा नेपाल पछाडि पर्दै गएको बताएका थिए ।

## द्वन्द्वपीडितले...

हो । पीडितहरूका अनुसार शान्ति प्रक्रिया टुंगिन लडाकुहरूको समायोजन मात्र भएर नपुग्ने र दसौं हजार पीडितहरूको पुनर्स्थापना हुनुपर्ने, सत्यनिरूपण, मेलमिलाप तथा बेपत्ता आयोगले पीडितलाई न्याय दिएपछि मात्र शान्ति प्रक्रिया टुंगिने बताएका छन् । हालै सरकारले गठन गरेको सत्य निरुपण तथा मेलमिलाप आयोगले समेत पीडितलाई सोध्दै नसोधी पीडकलाई उन्मुक्ति दिन सक्ने प्रावधान राखेर पीडितलाई अझ पीडा दिने कार्य गरेको हुनाले पीडितहरूले त्यसको विरोध गरेका छन् ।

२०५८ माघ ३ गते लम्जुङका शिक्षक मुक्तिनाथ अधिकारीलाई कक्षामा पढाई रहेका बेला कक्षाकोठाबाटै अपहरण गरी अधिकारीको निर्ममतापूर्वक हत्या गरिएको थियो । शिक्षक अधिकारीका छोरा सुमन अधिकारीका अनुसार ३०-३५ हजार द्वन्द्वपीडितको समस्या समाधान नगरी शान्ति प्रक्रिया टुंगियो भन्नु दलहरूको राजनैतिक बेइमानी र जानताप्रतिको उदासिनताको राम्रो उदाहरण हो । सुमनले भने, लडाकुहरूलाई मात्र च्यापेर शान्ति प्रक्रिया टुंगियो भन्नु राज्यकै अपमान हो । न्यायमूर्ति नै सरकार प्रमुख भएको बेला न्यायको बदलामा अन्यायपूर्वक शान्ति प्रक्रिया टुंगिएको उद्घोष गरेर खिलराज रेग्मी नेतृत्वको सरकारले समेत द्वन्द्वपीडितहरू माथि अन्याय गरेको हुनाले सम्पूर्ण द्वन्द्वपीडितहरूले अब एक भएर संघर्ष गर्नुपर्ने बताएका छन् । पछिल्लो समयमा द्वन्द्वपीडितहरूले द्वन्द्वपीडित समाजसमेत गठन गरेर त्यसैमार्फत् सरकारलाई दबाब दिइरहेका बेला एकीकृत नेकपा माओवादीको दबाबमा उसका पूर्व लडाकुहरूको समायोजन पछि शान्ति प्रक्रिया टुंगियो भनेर भन्नु नेपाली कांग्रेस, नेकपा एमाले र मधेसी मोर्चालगायतका दलहरूले एकीकृत नेकपा माओवादीसँग आत्मसमर्पण गरेको ठहर द्वन्द्वपीडित समाजले गरेको छ । द्वन्द्वपीडित समाजका केन्द्रिय सदस्य जसबहादुर राईले हजारौं पीडितलाई नहेरी राज्यले माओवादीका लडाकुहरूको हितमा मात्र हेरेर शान्ति प्रक्रिया टुंगिएको नाटक मञ्चन गर्नु मुलुककै लागि दुर्भाग्यको विषय भएको बताएका छन् ।

## यी चुनौती...

पहिला नै भएका उद्घोष गरेपछि अध्यक्ष दाहालको भनाईप्रति कुट्नीतिक नियोगका प्रमुखहरू र नेपाली जनताले अविश्वास गर्न थालेको छन् ।

मन्त्रिपरिषद्का अध्यक्ष रेग्मीले असारमहिनामा निर्वाचन हुन नसक्ने कारणहरू उल्लेख गरी राष्ट्रपति डा.रामवरण यादव र चारै दलका नेताहरूलाई अनौपचारिक रूपले पहिला नै जानकारी गराइसकेका थिए । त्यसैगरी निर्वाचन आयोगले समेत असारमा निर्वाचन हुन नसक्ने जानकारी गराएको भएपनि अध्यक्ष दाहालले भने आफूहरूले असारमै निर्वाचन चाहेको भन्दै अन्य दलहरूभन्दा आफूहरू निर्वाचनका लागि अगाडि रहेको देखाउन मात्र असारमा निर्वाचन हुनुपर्ने उद्घोष गर्दै हिँड्ने गरेको आरोप अन्य दलहरूले लगाएका छन् । निर्वाचन आयोगले आफ्नो कार्यतालिका जतिसुकै छोट्याएपनि असारको पहिलो साता वा दोस्रो साता निर्वाचन हुन नसक्ने र त्यसपछि वर्षायाम सुरू हुने भएको हुनाले कार्तिक, मंसिरमा मात्र निर्वाचन सम्भव भएको जानकारी सम्बन्धित निकायलाई दिएको सूत्रको दाबी रहेको छ ।

खिलाराज रेग्मीले असारको पहिलो सातामित्रैमा निर्वाचन गराउने दलहरूको सर्तलाई अस्वीकार गर्दै मंसिरमा निर्वाचन गराउने सर्तमा मात्र मन्त्रिपरिषद्को अध्यक्ष स्वीकार गरेकाले दलहरूले सहमति गरी बाधा अड्काउ अध्यादेशमा समेत मंसिरमा निर्वाचन गराउने सर्त राखेको हुनाले दलरूले जनतालाई झुक्याउनको लागि मात्र असारमा निर्वाचन हुने डम्फु फुकेका हुन भन्ने पुष्टि भएको छ । अब मंसिरमा निर्वाचन हुनाका लागि दुई मुख्य चुनौती रहेका छन् । निर्वाचन क्षेत्र कसरी निर्धारण गर्ने वा पहिलाकैलाई स्वीकार गरेर निर्वाचन गर्ने र सडक संघर्षमा गएका दलहरूको राजनीतिक असन्तुष्टिलाई कसरी व्यवस्थापन गर्ने । यी दुई कार्य सम्बोधनका लागि सरकार र दलहरू तयार नभएको खण्डमा मंसिरमा समेत निर्वाचन हुन सक्ने अवस्था छैन् । संविधानमा रहेका निर्वाचन सम्बन्धी अध्यादेशमा रहेका विमती हटाई कानुनी बाटो लिनु र सरकारले पनि आफ्नो जिम्मेवारीलाई पूर्ण गति दिई आफ्नो कार्यशैलीलाई परिवर्तन गर्नु पर्ने आवश्यकता प्रस्ट रूपमा देखिएको छ ।

## दुरसञ्चार...

बक्यौता नतिरेर युटिएलले नेपालको कानुनी व्यवस्थाको लामो समयदेखि धज्जी उडाउँदै आएको छ ।

दुरसञ्चार प्राधिकरणका बोर्ड सदस्यहरूले ८ सय र १८ सय मेगाहर्जमा फ्रिक्वेन्सी दिने निर्णय गरेका थिए । यो निर्णयले प्राधिकरण अरबौं घाटामा जाने विश्वस्त सुत्रले बताएका छन् ।

## यो नै हो...

एनेकपा (माओवादी)का अध्यक्ष प्रचण्ड स्वयंले एक दुई दिनभित्रै कात्तिकमा निर्वाचन सम्पन्न गर्ने गरी रेग्मी सरकारले निर्वाचनको मिति घोषणा गर्दैछ भनेर भनेको सुन्नेहरू त 'लौ अब चुनाव हुने भयो भयो' भनेर अति नै विश्वस्त भएका छन् । तर, अफसोच ! उच्च राजनीतिक संयन्त्र नामको गैह्रसंवैधानिक निकायका अध्यक्ष प्रचण्डले 'एक दुई दिनभित्रै मिति तोकिनेछ' भनेर भनेको पनि आज १५-२० दिन भइसक्दा पनि सरकारले निर्वाचनको मिति तोक्न सकेन । त्यसो त यो मुलुकमा एक अर्काथरी पनि छन्, जो किमार्थ पनि संविधानसभाको दोस्रो निर्वाचन हुँदैन र हुन सक्दैन भनेर दावी गरिरहेका छन् । तिनका अनुसार कात्तिक-मंसिरको कुरै छाडौं, यो मुलुकमा अब कहिल्यै पनि संविधानसभाका लागि भनेर निर्वाचन हुँदैन ।

ज-जसले संविधसभाको 'रहर' गरेका थिए, त्यो 'रहर' त्यही पहिलो संविधानसभा, जो असफल भएर विघटित भएको थियो, त्यसैबाट पूरा गरून् । अब फेरि त्यसका लागि यहाँ कुनै निर्वाचन हुँदैन । अहिले जति पनि भइरहेका छन्, ती सबै 'नाटक' मात्र हुन् । त्यो भए अब के हुन्छ त ? अब यो प्रश्नको जवाफ पनि त्यति सजिलो छैन । निर्वाचनका लागि मोहन वैद्य समूह, उपेन्द्र यादवलगायत केही भुरे टाकुरे दलहरू मात्रै होइन कि स्वयं कथित चार दल र निर्वाचन आयोगसमेत भित्रीरूपमा तयार देखिँदैनन् । एकथरीलाई प्रत्यक्ष रूपमै निर्वाचनलाई छेकबार लगाएर आफ्नो वर्चश्व कायम गर्नुछ, त्यस्तै गरेर अर्काथरीलाई बिना निर्वाचन नै सधैँ 'प्रमुख दल'मा दरिएर सत्तामा हालिमुहाली गरिरहनु छ भने अर्कोथरी अर्थात् निर्वाचन आयोगलाई पनि 'जम्मै कुरा नमिलिकन' निर्वाचन गराएर आफ्नो 'टाउको दुखाउनु' छैन । फेरि पनि भनौं, त्यसो भए अब के हुन्छ त ? अब भन्नेहरूले त समयमै 'बुद्धि' नपु-याए, अर्थात् ०४७ सालको संविधानलाई नब्युँताए, यो मुलुक कुर्सीको द्वन्द्वमा नराम्ररी फस्नेछ भनेर आफ्नो मत दिँदैछन् । तिनका अनुसार त्यो 'द्वन्द्व' यही मंसिरपछि 'कुर्सी' का लागि हुने छिनाझपटीको विस्तृत स्वरूप हुनेछ । अर्थात् मंसिरमा खिरारे मन्त्रिमण्डललाई असफल बनाएर बिदा गरेपछि अर्को दलीय चुनावी मन्त्रिमण्डल निर्माण (द्व) गर्ने क्रममा सत्ता प्राप्ति र त्यसको नेतृत्वका लागि सुरू हुने द्वन्द्व नै मुलुकमा अब हुने 'कुर्सी द्वन्द्व' हो । अहिलेको 'शान्ति', अहिलेको राजनीतिक अस्थिरता र अहिलेको 'मेलमिलाप' मंसिरसम्मका लागि मात्र हो भन्नेहरूको संख्या पनि निकै नै छ । यहाँ सर्वमान्य निर्वाचन, सर्वमान्य संविधान कसैलाई चाहिएकै छैन ।

हेरौं न, हरेक दिन नयाँ-नयाँ व्यवधानहरू आइरहेका छन् । भर्खरै सर्वोच्च अदालतद्वारा पहिले निर्वाचन क्षेत्र निर्धारण गरेर मात्र संविधानसभाको निर्वाचन मिति तोक्न सरकारलाई आदेश दिएको छ । अर्थात्, यहाँनेर फेरि नयाँ समस्या देखा पर्‍यो । अब यो निर्वाचन क्षेत्र निर्धारण गर्न अर्को 'महाभारत' छ । अब यसमै 'महाभारत' हुन्छ भने कहिले निर्वाचन हुने ? कहिले संविधान बन्ने ? अब संघीयता, शासकीय स्वरूप, आदि इत्यादीमा कुरा मिल्ने त झन् कहाँ हो कहाँ ? त्यस कारण जस्तो कि, माथि नै भनियो, अब 'पहिलो संविधानसभा'ले नै आ-आफ्नो 'रहर' पूरा गरौं, दोस्रोको आश नगरौं । हो, दलका कार्यकर्ताहरू चुनावी मौसममा यसो गर्जो पनि टर्थ्यो भनेर निर्वाचनका लागि तैयार होलान् पनि । तर, अहँ शीर्ष दलका शीर्ष नेताहरूले 'सित्तै'मा पाएको सत्तालाई छाडेर जनतासामु गएर आफूहरूको नयाँ वास्तविकता देखाउनै चाहेका छैनन् । त्यस कारण हरेक दिन नयाँ नयाँ समस्याहरू उब्जाएर भए पनि निर्वाचनलाई पर-पर सार्दै, नयाँ-नयाँ प्रयोगको पासा फ्याँक्दै सधैंभरि बिना निर्वाचन देशमा रजाइँ गर्न उद्यत छन्, यिनीहरू ।

प्रष्ट हौं, मंसिरपछि मुलुकमा फेरि 'कुर्सी द्वन्द्व' सुरू गरिनेछ । नेपाली जनतालाई यस्तै यस्तैमा भुलाइनेछ । अब वैद्य समूह, उपेन्द्र यादव समूह र तराईका र पहाडका विद्रोही समूहहरूलाई वार्ताका लागि निम्ता दिएर तिनलाई निर्वाचनमा सरिक गराउन सक्नु एउटा समस्या त हुँदै हो तर त्योभन्दा पनि गम्भीर समस्या त सत्तामा रहेकाहरूबाटै र केही संवैधानिक निकायहरूबाटै उब्जाइन थाल्नुलाई लिनु पर्दछ । अब अप्ठ्यारो त ती राष्ट्रपतिलाई छ । तिनले पनि के-के 'सच्याउँदै' जाने ? कति सम्म जाने ? यिनको लहै लहैमा लागेर आफू स्वयं पनि कहाँ पुग्ने ? अब आफू 'पुग्ने' कुरा त छँदैछ ?द्व मुलुकको चै के हुने हो ? अरू केही होइन, समस्याको समाधान भनेकै ०४७ सालको संविधानमा सबै खालेहरूलाई मान्य हुने गरी समयानुकूल सुधार नै हो । यसमा कसैले आपत्ति नगरे पनि हुन्छ । यही देशप्रति अलिकति पनि जिम्मेवारी बोध छ भने ।

*shaswatsharma1969@yahoo.com*

## रेग्मी सरकारबाट...

अगाडि जन्मिएका सन्तानलाई नेपाली नागरिकता प्रदान गर्नु भनेको सोझै भारतीयहरूलाई नेपाली नागरिकता प्रदान गरिनु हो । २०६३ सालमा नागरिकता वितरण गर्दा २०४६ सालभन्दा अगाडिदेखि नेपालमा बसोबास गरेका व्यक्ति हुनुपर्ने सर्त राखिएको भएपनि राजनीतिक दलहरूको कारण ०५७/०५८ सालमा नेपामा प्रवेश गरेका व्यक्तिहरूले समेत राजनीतिक सहमतिमा नेपाली नागरिकता पाएका थिए । नेपाली नागरिकता प्राप्त गर्नका लागि चार दलको संयन्त्र बनाइएको र त्यही संयन्त्रको सिफारिसका आधारमा नागरिकता प्रदान गरिएको थियो ।

खासगरेर मधेशसवादी दलले नेपाली नागरिकतालाई निर्वाचन जित्ने कार्डको रूपमा लिएका छन् । नक्कली नेपालीहरूलाई नागरिकता दिलाएर उनीहरूकै मतका आधारमा निर्वाचन जित्ने मधेशवादी दलहरूका कारण गैरनेपालीहरूले समेत सजिलै नेपाली नागरिकता पाउने हुनाले अबको केही वषभित्रैमा नेपाली नागरिकहरू नै अल्पमतमा पर्ने प्रायः निश्चित भएको छ । गैरनेपालीहरूलाई नेपाली नागरिकता दिने र गैरनेपालीहरूलाई मतदाता बनाउने कार्य २०६३ मा नै सुरू भएपनि त्यसलाई रोक्नुको बदला फेरि न्यायमूर्ति जस्तो व्यक्तिले मन्त्रिपरिषद्को अध्यक्ष रहेको बेला त्यही पहिला नै दलहरूले गरेको गल्तीलाई नै दोहो-याएर नागरिकता वितरण गर्ने प्रक्रिया अपनाउनु रेग्मी सरकारको राष्ट्रघात भएको आरोप जनमोर्चा नेपालका महासचिव साध्यबहादुर भण्डारीले लगाएका छन् । विश्वमा कुनै पनि मुलुकमा बाबुआमा सम्बन्धित देशको नागरिक नभईकन नागरिकता दिने प्रचलन छैन् । अमेरिकामा भने त्यहाँ जन्मिएका व्यक्ति स्वतः अमेरिकी नागरिक हुन्छन् । उसको नागरिकता सम्बन्धी कानुन नै त्यस्तै रहेको छ भने छिमेकी मुलुक चिनमा गर्भवती महिलाले चिन भ्रमणसमेत गर्न नपाउने व्यवस्था गरिएको छ ।

विडम्बना नै मान्नु पर्छ नेपालमा भने बाबुआमाले नेपाली नागरिकता नै नपाइ उनीहरूबाट जन्मिएको बच्चाहरूले वंशजको आधारमा नागरिकता दिने निर्णय गरेर सरकारले कसको हितको कार्य गरिरहेका छ । कतै चुनाव जित्ने नाममा दलहरूले नेपालीहरूलाई अल्पमतमा पर्ने प्रयास त गरेका छैनन् भन्ने प्रश्न समेत उठ्न थालेको छ ।

## नबिल ब्यालेन्स फन्ड बाँडफाँड

काठमाडौं/ नबिल बैंकले नेपालको पुंजीबजारमा सामूहिक लगानी कोषअन्तर्गत सर्वसाधारणमा बिक्री खुला गरी 'नबिल ब्यालेन्स फन्ड-१' योजनाको इकाइको बाँडफाँड गरेको छ ।

लगानीकर्ताबाट निष्कासित ६ करोड इकाइका लागि २० हजार ६ सय ४३ आवेदन फाराममार्फत करिब २ अर्ब २१ करोड रुपैयाँ रकमको इकाइका लागि माग भएको नबिल इनभेस्टमेन्ट बैंकिङ लिमिटेडले सोमबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

नबिल इन्भेस्टमेन्ट बैंकिङ लिमिटेडले योजनाको आकारलाई ६० करोडबाट प्रचलित सामुहिक लगानी कोष निर्देशिकाको प्रावधानअनुरूप २५ प्रतिशत थप गर्नुका साथै ७५ करोड रुपैयाँ कायम गरी २० हजार ६ सय २९ आवेदकलाई ७ करोड ५० लाख इकाइको बाँडफाँड गरेको छ ।

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५६९९, बजार व्यवस्थापक : मनोज खड्का (९८४१८१६०७६) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार